मोफसलको सर्वाधिक लोकप्रिय राष्ट्रिय दैनिक

# पूर्वाञ्चल

Purwanchal National Daily

श्रीअन्तु प्रकाशन (प्रा.)लि.

◆ वर्ष : ३१ ◆ अङ्क : ६८ ◆ पृष्ठ ४ ◆ बिर्तामोड ◆ वि.सं. २०८२ माघ १० गते शनिबार (Saturday, 24 January. 2026) नेपाल सम्वत् ११४६ Web : www.purwanchaldaily.com ◆ मूल्य रु. : ५/- भारतमा भारु. : ४/-

## एसपी बसुन्धराले सम्हालिन जिम्मेवारी

**झापा, माघ ९।** बसुन्धराको कमाण्डमा आगामी फागुन २१ गतेको निर्वाचनको लागि झापाका सबै सुरक्षा निकायको कमाण्ड परिवर्तन हुने भएको छ।

गृह मन्त्रालयले झापाका प्रहरी प्रमुख राजन लिम्बूलाई सरुवा गरेर बसुन्धरा खड्कालाई खटाइसकेको छ। लिम्बू फिर्ता भएपछि देशकै ठूलो सुरक्षा चुनौति मानिएको झापाको कमाण्ड खड्काले शुक्रवारदेखि सम्हालेकी छन्। खड्काले जिम्मेवारी सम्हालेपछि एसपी लिम्बू काठमाडौं फर्किसकेका छन्। त्यस्तै सशस्त्र

(बाँकी अन्तिम पृष्ठमा)

# झापामा ९० जनाको उम्मेदवारी कायम

**झापा, माघ ९।** आगामी फागुन २१ गते हुने प्रतिनिधि सभा सदस्य निर्वाचनका लागि झापाका ५ वटा निर्वाचन क्षेत्रका उम्मेदवारले चुनाव चिन्ह प्राप्त गरेका छन्।

जिल्ला निर्वाचन कार्यालय झापाले शुक्रवार उनीहरुलाई चुनाव चिन्ह प्रदान गरेको हो। पाँच पदका लागि ९० जनाको उम्मेदवारी परेको थियो। मनोनयन दर्ता गरेका कसैले पनि उम्मेदवारी फिर्ता नगरेको जिल्ला निर्वाचन कार्यालय झापाका प्रमुख तुलसी नेपालले जानकारी दिए। नेपालका अनुसार अन्तिम नामावली प्रकाशनसंगै उनीहरुलाई चुनाव चिन्ह समेत प्रदान गरिएको छ।

जिल्ला निर्वाचन कार्यालयका अनुसार झापा क्षेत्र नम्बर १मा १५ जना, झापा क्षेत्र नं. २बाट १८ जना, झापा क्षेत्र नं. ३ बाट १७ जना, झापा क्षेत्र नं. ४बाट १६ जना र झापा क्षेत्र नं. ५ बाट २४ जनाको उम्मेदवारी कायम रहेको छ।

जिल्ला निर्वाचन कार्यालयले सार्वजनिक गरेको अन्तिम नामावली अनुसार झापा क्षेत्र नम्बर १मा राष्ट्रिय स्वतन्त्र पार्टीकी निशा डाँगी, मंगोल नेशनल अर्गनाइजेशनका सन्तोष तामाङ, श्रम संस्कृति पार्टीबाट केवलराम राई, नेपाल कम्युनिष्ट पार्टी एमालेबाट रामचन्द्र उप्रेती, नेपाली कम्युनिष्ट पार्टीबाट अशेष घिमिरेको उम्मेदवारी कायम रहेको छ।

त्यस्तै उज्यालो नेपाल पार्टीबाट नरेशकुमार लावती, राष्ट्रिय प्रजातन्त्र पार्टीबाट हेमराज कार्की, नेपाली कांग्रेसबाट केशवराज पाण्डे, स्वतन्त्र उम्मेदवारबाट दुर्गाबहादुर साँवा लिम्बू, स्वतन्त्र उम्मेदवारबाट गणेशकुमार पोखरेल, नेपाल जनमुक्ति पार्टीबाट खान्द्रु कुरुवा, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट मनबहादुर साँवा लिम्बू, जनता समाजवादी पार्टीबाट रमा मेचे, नेपाल मजदुर किसान पार्टीबाट हिरणकुमार भट्टराई र नेपाल सद्भावना पार्टीबाट ओलिन राजवंशीलाई चुनाव चिन्ह प्रदान गरिएको छ।

### उम्मेदवारलाई चुनाव चिन्ह प्रदान




**उमेशप्रसाद लुइँटेल**
**मुख्य निर्वाचन अधिकृत**

झापा निर्वाचन क्षेत्र नं. २बाट राष्ट्रिय प्रजातन्त्र पार्टीबाट भद्रप्रसाद नेपाल (स्वागत), राष्ट्रिय स्वतन्त्र पार्टीबाट इन्दिरा रानामगर, मंगोल नेशनल अर्गनाइजेशनबाट अकलबहादुर तामाङ, नेपाल मजदुर किसान पार्टीबाट चन्द्रकुमारी गारु, जनता समाजवादी पार्टीबाट तिलबहादुर राई, श्रम संस्कृति पार्टीबाट केशवबहादुर भण्डारी, नेकपा एमालेबाट देवराज घिमिरे, नेपाली कम्युनिष्ट पार्टीबाट धर्मशिला चापागाँई रहेका छन्।

त्यस्तै नेपाली कांग्रेसबाट सरिता प्रसाई, उज्यालो नेपाल पार्टीबाट चूडाकर्ण बेघा, नेपाल कम्युनिष्ट पार्टी (संयुक्त) बाट श्रीप्रसाद सिटौला, स्वतन्त्र उम्मेदवारबाट पुण्यप्रसाद आचार्य, स्वतन्त्र उम्मेदवार युवराज संग्रौला, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चबाट अमृता लावती, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)बाट अर्जुनकुमार पाण्डे, स्वतन्त्र उम्मेदवार रमेशकुमार कार्की, जनमत पार्टीबाट रमेशकुमार राजवंशी, नेपाल जनमुक्ति पार्टीबाट

(बाँकी अन्तिम पृष्ठमा)

## देशभर ४९ जनाले फिर्ता लिए उम्मेदवारी

**झापा, माघ ९।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि देशभरका विभिन्न निर्वाचन क्षेत्रबाट ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएका छन्।

निर्वाचन आयोगले शुक्रवार आयोजना गरेको साप्ताहिक पत्रकार सम्मेलनमा प्रवक्ता नारायणप्रसाद भट्टराईले हालसम्म विभिन्न निर्वाचन क्षेत्रबाट आयोगको प्रणालीमा प्राप्त जानकारी अनुसार ४९ जना उम्मेदवारले उम्मेदवारी फिर्ता लिएको जानकारी दिएका हुन्।

उम्मेदवारी दर्तादेखि फिर्ता लिनेसम्मका निर्वाचन कार्यक्रम शान्तिपूर्ण र उत्साहजनक रुपमा भएको आयोगले जनाएको छ। समानुपातिक निर्वाचन प्रणालीतर्फका उम्मेदवारको पनि नामावली प्रकाशन गरी माघ १० गतेसम्म दाबी विरोधको समय दिइएको प्रवक्ता भट्टराईले जानकारी दिए।

समानुपातिक प्रणालीका लागि राजनीतिक दलले गतपुस १३ र १४ गते बन्दसूची पेश गरेका थिए। माघ १० गते शनिबार समानुपातिकतर्फको

(बाँकी अन्तिम पृष्ठमा)

## निर्वाचन आचारसंहिता पालना गर्न आव्हान

**काठमाडौं, माघ ९।** आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा निर्वाचनलाई स्वच्छ, निष्पक्ष र स्वतन्त्र ढङ्गले सम्पन्न गर्न निर्वाचन आचारसंहिता पूर्ण रुपमा पालना गर्न आह्वान गरिएको छ।

नेपाल मानव अधिकार सङ्गठनका अध्यक्ष इन्द्रप्रसाद अर्याल र अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष विजयराज गौतमद्वारा जारी विज्ञप्तिमा आगामी निर्वाचनलाई स्वच्छ, निष्पक्ष, स्वतन्त्र र विश्वसनीय बनाउन निर्वाचन आचारसंहिताको प्रभावकारी पालना गर्न आह्वान गरिएको हो। निर्वाचनमा संलग्न सबै सरोकारवाला, राजनीतिक दल, उम्मेदवार, सरकारी निकाय, सुरक्षाकर्मी, सञ्चारमाध्यम तथा मतदातालाई निर्वाचन आचारसंहिता अक्षरशः पालना गर्न आव्हान गरिएको हो।

स्वच्छ, निष्पक्ष र भयरहित निर्वाचन नै लोकतन्त्र सुदृढीकरणको आधार हो- बिज्ञप्तिमा भनिएको छ- अभियानले निर्वाचनलाई स्वच्छ र विश्वसनीय बनाउन निरन्तर निगरानी, सहकार्य र नागरिक सचेतनामा सक्रिय रूपमा लागिरहने प्रतिबद्धता व्यक्त गर्दछौं।

सुरक्षा निकायलाई निर्वाचन अवधिभर शान्ति सुरक्षा कायम गर्न निष्पक्ष र व्यावसायिक भूमिका निर्वाह गर्न तथा सञ्चारमाध्यमलाई जिम्मेवार, तथ्यपरक र सन्तुलित समाचार सम्प्रेषण गर्न आग्रह गर्दै मतदातालाई पनि कुनै पनि किसिमको प्रलोभन, दबाब वा गलत सूचनाबाट प्रभावित नहुन र आफ्नो मताधिकार स्वतन्त्र रूपमा प्रयोग गर्न अनुरोध गरिएको छ।

निर्वाचन लोकतन्त्रको मेरुदण्ड हो, निर्वाचन प्रक्रियामा हुने हिंसा, डरत्रास, मतदाता प्रलोभन, सरकारी स्रोतसाधनको दुरुपयोग, घृणात्मक अभिव्यक्ति, गलत सूचना तथा सामाजिक सञ्जालको दुरूपयोगले निर्वाचनको विश्वसनीयतामाथि गम्भीर प्रश्न उठाउँछ- विज्ञप्तिमा भनिएको छ- यस्ता गतिविधिलाई रोक्न निर्वाचन आयोगद्वारा जारी आचारसंहिता सबैका लागि बाध्यकारी हुनुपर्दछ।

स्वच्छ निर्वाचनका लागि नागरिक अभियान राजनीतिक दल र उम्मेदवारलाई शान्तिपूर्ण, मर्यादित र मुद्दा केन्द्रित चुनावी प्रतिस्पर्धा गर्न आग्रह गर्दै निर्वाचन आयोगलाई आचारसंहिता कार्यान्वयनमा थप प्रभावकारी भूमिका निर्वाह गर्न तथा उल्लंघनका घटनामा निष्पक्ष र कडाइका साथ कारबाही गर्न अनुरोध समेत गरिएको छ।

(बाँकी अन्तिम पृष्ठमा)

## कांग्रेसका नवनिर्वाचित सभापति थापाको पदवहाली



**काठमाडौं, माघ ९।** नेपाली कांग्रेसको विशेष महाधिवेशनबाट हालै निर्वाचित सभापति गगनकुमार थापाले शुक्रवार पदवहाली गरेका छन्।

काठमाडौंमा यही माघ १ गते सम्पन्न दोस्रो विशेष महाधिवेशनबाट कांग्रेसका पूर्व महामन्त्री थापा सभापति पदमा सर्वसम्मत चयन भएका थिए। पार्टी कार्यालय सानेपामा दिउँसो १ बजे सभापति थापालगायत सबै पदाधिकारी र केन्द्रीय सदस्यहरुले पदवहाली गरेको पार्टी कार्यालयले जनाएको छ।

नवनिर्वाचित कार्यसमितिको पहिलो बैठक पार्टी केन्द्रीय कार्यालय सानेपामा बसेको थियो। पार्टी कार्यालयमा दिउँसो १ बजे बसेको बैठकमा आसन्न प्रतिनिधिसभा सदस्यको निर्वाचन र समसामयिक राजनीतिक विषयमा छलफल भएको केन्द्रीय कार्यालयका सचिव प्रकाश शर्माले जानकारी दिए।

यसैबीच नेपाली कांग्रेसले आगामी प्रतिनिधिसभाको निर्वाचनमा सभापति गगन थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको छ। शुक्रबार कांग्रेस केन्द्रीय कार्यालय, सानेपामा बसेको बैठकले थापालाई प्रधानमन्त्रीको उम्मेदवार बनाउने निर्णय गरेको उपसभापति विश्वप्रकाश शर्माले जानकारी दिए।

## डा. भट्टराईद्वारा उम्मेदवारी फिर्ता



**झापा, माघ ९।** आसन्न निर्वाचनमा प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवार बनेका प्रगतिशील लोकतान्त्रिक पार्टीका संरक्षक डा. बाबुराम भट्टराईले उम्मेदवारी फिर्ता लिएका छन्।

फागुन २१ गते हुन लागेको निर्वाचनका लागि डा. भट्टराईले गोरखा-२ बाट उम्मेदवारी दर्ता गराएका थिए। यसअघि, निर्वाचनमा उम्मेदवार नबन्ने घोषणा गरेका भट्टराईलाई अन्तिम समयमा पार्टीले उम्मेदवार बनाएको थियो। भट्टराईले गोरखा क्षेत्र नम्बर २मा प्रगतिशील लोकतान्त्रिक पार्टी(प्रलोपा)बाट उम्मेदवारी दिएका थिए।

यसअघि राष्ट्रिय स्वतन्त्र पार्टीले पनि उनलाई उम्मेदवारी फिर्ता लिन आग्रह गरेको थियो। गोरखा २मा कांग्रेसबाट प्रकाशचन्द्र दवाडी, नेकपाबाट लेखनाथ न्यौपाने, रास्वपाबाट पार्टीका महामन्त्री कविन्द्र बुर्लाकोटी, एमालेका मिलन गुरुङ (मिलन चक्रे) लगायत प्रतिस्पर्धामा छन्।

## मोटरसाइकलसहित ब्राउनसुगर बरामद

**झापा, माघ ९।** झापाको गौरीगञ्जबाट ब्राउनसुगर बरामद भएको छ।



गौरीगञ्ज-१ कुञ्जीबारीस्थित नेपाल-भारत सीमामा प्रहरी चौकी कुञ्जिबारी र बीओपी कुञ्जिबारीबाट खटिएको सशस्त्र प्रहरी बल नेपालको संयुक्त टोलीले चेकजाँच गर्दा उक्त लागूऔषध बरामद गरेको हो।

भारतबाट नेपालतर्फ आउँदै गरेको मे३प २९६८ नम्बरको मोटरसाइकलमा चालक तत्काल नाम, थर, वतन नखुलेका पुरुषले चेकिङ टोलीलाई देख्नासाथ मोटरसाइकल छोडेर भागेका थिए।

मोटरसाइकल चेकजाँच गर्ने क्रममा मोटरसाइकलको लेगार्डमा प्लास्टिकको झोलाभित्र रहेको चिनीमा लुकाएर प्लास्टिकले पोको पारेको अवस्थामा १०२ ग्राम ब्राउनसुगर फेला परेको थियो। ब्राउनसुगर र मोटरसाइकल नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय झिलझिलेमा ल्याइएको जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

## 'कांग्रेसले दियो महिलालाई अवसर'

**विर्तामोड, माघ ९।** झापाको बिर्तामोडमा आयोजित एक कार्यक्रमका सहभागी बक्ताहरुले नेपाली कांग्रेसले झापामा महिलालाई अवसर प्रदान गरेको भन्दै प्रसंशा गरेका छन्।

नेपाली कांग्रेसले झापाको क्षेत्र नं. २ र ५मा प्रत्यक्षतर्फ महिला उम्मेदवार उठाएको छ। झापा-२मा पूर्व केन्द्रीय सदस्य एवम् पूर्व राज्यमन्त्री सरिता प्रसाई र झापा-५बाट महासमिति सदस्य मन्धरा चिमरिया पौडेल नेपाली कांग्रेसका तर्फबाट उम्मेदवार छन्। यसैगरी झापा क्षेत्र नं. १मा केशवराज पाण्डे, ३मा राजेन्द्र घिमिरे र ४मा देउकुमार थेवे उम्मेदवार रहेका छन्।

झापामा समानुपातिकतर्फ ६ महिलाहरु, सुशीला ढकाल आचार्य, उमा शिवाकोटी, गोमा भट्टराई, राधा कार्की, रिना उप्रेती र मनु विश्वकर्माले स्थान पाएका छन् भने एकमात्रै पुरुष सत्यनारायण चौधरी उम्मेदवार छन्। पार्टीले महिलालाई प्रत्यक्ष र समानुपातिक दुवैतर्फ अवसर प्रदान गरेकोप्रति खुशी व्यक्त गर्दै कार्यक्रमका सहभागीहरुले महिलाहरुका समस्या सम्बोधनका लागि नीति निर्माण गर्ने थलो प्रतिनिधिसभामा आफूहरुलाई पुऱ्याउन आम मतदातामा अपिल गरे।

नेपाल महिला संघ झापाको आयोजनामा सम्पन्न कार्यक्रमका सहभागी बक्ताहरुले महिलाहरुमा अथाह शक्ति हुने तर प्रदर्शन गर्न नचाहने प्रसंग उठाउँदै पार्टीले दिएको अवसरको भरपुर उपयोग गर्न सबै एकजुट भएर जुट्नुपर्ने बताए।

कार्यक्रममा समानुपातिक उम्मेदवार एवम् पार्टीका पूर्वकेन्द्रीय सदस्य सुशीला ढकाल आचार्यले अहिले सामाजिक सञ्जाल प्रचारको प्रमुख माध्यम भएको बताउँदै पार्टीका पक्षमा सत्यतथ्य र विश्वसनीय प्रचार गरी जनमत सिर्जना गर्न युवापुस्तालाई आव्हान गरिन्। समानुपातिक पदकै अर्का उम्मेदवार गोमा भट्टराईले राजनीतिमा अवसर गौण कुरा भएको बताउँदै निरन्तर संघर्ष, संगठनमा दर्विलो उपस्थितिले आफ्नो पहिचान बनाउन सकिने भन्दै नेता गणेशमान सिंहको उदाहरण प्रस्तुत गरिन्।

कार्यक्रममा नेपाली कांग्रेस झापाका सचिव कृष्ण हुमागाँईले पार्टीले महिलालाई दिएको अवसरको भरपुर उपयोग गर्न आह्वान गर्दै एक व्यक्तिलाई एकपटक मात्रै समानुपातिक सांसद बनाउने पार्टी नीतिले

(बाँकी अन्तिम पृष्ठमा)

## चिया पसलदेखि सार्वजनिक यातायातसम्ममा चुनावी बहस

**मोरङ, माघ ९।** प्रतिनिधिसभा सदस्यका लागि आगामी फागुन २१ गते हुने निर्वाचनमा मोरङका गाउँगाउँमा चुनावी सरगर्मी बढेको छ।

मतदातामा चुनावी उत्साह देखिन थालेको छ। स्थानीय चिया पसलदेखि सार्वजनिक यातायातसम्ममा चुनावी बहस शुरु भएको छ। प्रतिनिधिसभा निर्वाचनका लागि मोरङमा छवटा निर्वाचन क्षेत्र रहेका छन्, जसमा एक सय १८ जना उम्मेदवारले मनोनयन दर्ता गराएका छन्।

जिल्ला निर्वाचन अधिकृतको कार्यालयका अनुसार मोरङ क्षेत्र नं. १मा १८ जना, क्षेत्र नं २ मा १७, क्षेत्र नं. ३ मा २१, क्षेत्र नं. ४मा २१, क्षेत्र नं. ५ मा २२ र क्षेत्र नं. ६मा २० जनाको उम्मेदवारी परेको छ। निर्वाचन आयोगमा उम्मेदवारी दर्ता भएसँगै जिल्लाका छवटै निर्वाचन क्षेत्रमा चुनावी चहलपहल शुरु भएको हो। निर्वाचन प्रचारप्रसारको औपचारिक शुरुवातअगावै उम्मेदवारहरूले घरदैलो कार्यक्रमलाई तीव्रता दिएका छन्।




मोरङ क्षेत्र नं. ३मा नेपाली कांग्रेसका उम्मेदवार सुनिल शर्माले मतदातासँग भेटघाटलाई तीव्रता दिइरहेका छन्। उनीसँगै श्रम संस्कृति पार्टीका उम्मेदवार अमिर मगर पनि मतादाताको घरदैलोमा भेटिन्छन्। बिहानैदेखि उम्मेदवारहरू मतादाताको घरआँगनमा पुग्न थालेपछि स्थानीयमा चुनावको सरगर्मी बढेको नेपाली कांग्रेस मोरङ-३ का क्षेत्रीय सचिव राजेन्द्रबहादुर अधिकारी बताउँछन्। हाम्रो महत्वपूर्ण एजेन्डा भनेको नयाँ मतदातालाई कांग्रेसको पक्षमा मत हाल्ने वातावरण बनाउने हो, तसर्थ हामी हाम्रो पार्टी र उम्मेदवारका तर्फबाट शिक्षा, स्वास्थ्य, रोजगार र प्रविधि केन्द्रित रणनीति रहन्छ। यस्ता कार्यक्रमले हाम्रा प्रतिस्पर्धी दलका उम्मेदवारभन्दा हाम्रा उम्मेदवार स्वभावतः लोकप्रिय हुनेमा आशावादी छौं- सचिव अधिकारीले भने।

यसपटक हाम्राभन्दा पनि राम्रा उम्मेदवार छानेर मतदान गर्ने मोरङ क्षेत्र नं. २ अमरदहका बिदुर आचार्यले बताए। जनभावना बुझ्ने नेता नै मतदाताको रोजाइमा पर्ने उनले बताए। समय फेरिएको छ, भोट हालिसकेर पछुताउनुभन्दा त्यसअघि नै सचेत भएर भोट हाल्ने योजनामा हामी छौं- मोरङ क्षेत्र नं ४ कसेनीका अमिन चौधरीले भने।

मोरङ क्षेत्र नं १ केराबारीमा भेटिएका ज्येष्ठ नागरिक शङ्कर पोखेल अर्का एक व्यक्तिसँग चुनावी बहस गर्दै भन्दै थिए- यसपटक सचेत भएर विकासप्रेमी उम्मेदवारलाई मत हाल्नुपर्छ, चुनाव जितेर गाउँ भुल्ने उम्मेदवारलाई मत नदिने।

जिल्लामा यसपटक सात लाखभन्दा बढी मतदाता पुगेका छन्। निर्वाचन आयोगका अनुसार अघिल्लो निर्वाचनको तुलनामा यसपटक मोरङमा ४७ हजार ५२५ मतदाता थपिएका हुन्।

मोरङमा पुरुष मतदाता तीन लाख ९९ हजार ६८६ र महिला तीन लाख ८३ हजार ३५७ रहेका छन्। निर्वाचन आयोगको वेबसाइटमा उपलब्ध तथ्याङ्क अनुसार मोरङमा कूल मतदाता संख्या सात लाख ८३ हजार ५० पुगेको हो।

BIRTAMODE EYE HOSPITAL

अब नाक, कान, घाँटी तथा दन्त उपचारसहित

उच्च गुणस्तरिय, सुलभ र भरपर्दो आँखा उपचार सेवामा समर्पित

CONTACT :
Birtamode Eye Hospital
CHARPANE, JHAPA, MECHI, NEPAL
PHONE NO: 023-530476 / Email: mnec.beh@gmail.com
Web: birtamodeeyehospital.org

# नवज्योति आधारभूत विद्यालयमा शैक्षिक सामग्री बितरण



**बिर्तामोड, माघ १०।** हरेक वर्षको ऋषि पञ्चमीका दिन मनाइने राष्ट्रिय पुस्तक दिवसले पुस्तकको महत्वसँगै शिक्षा र सामाजिक उत्तरदायित्वको सम्बन्धलाई स्मरण गराउँछ।

पुस्तक पढ्ने सामग्री मात्र नभई चेतना, अनुशासन र सभ्य समाज निर्माणको आधार हो भन्ने सन्देश बोकेको यो दिवस झापामा पनि अर्थपूर्ण कार्यक्रमसहित शुक्रबार मनाइएको छ। नेपाल पुस्तक तथा स्टेशनरी व्यवसायी महासंघ झापाको आयोजनामा अर्जुनधारा-५स्थित नवज्योति आधारभूत विद्यालयमा शैक्षिक सामग्री, स्टेशनरी तथा खेलकुद सामग्री वितरण गर्दै राष्ट्रिय पुस्तक दिवस मनाइएको हो।

कार्यक्रममा विद्यालयमा अध्ययनरत् करिब १०० जना छात्रछात्रालाई जनही कपी, पेन्सिल, बलपेन र खेलकुद सामग्री प्रदान गरिएको थियो। महासंघका वरिष्ठ उपाध्यक्ष सुमन खनालका अनुसार करिब ७५ हजार रुपैयाँ मूल्य बराबरका शैक्षिक सामग्री वितरण गरिएको छ। सामुदायिक विद्यालयका विद्यार्थीहरूलाई आवश्यक सामग्री सहयोग गर्नु हाम्रो दायित्व हो- खनालले भने- यसले पढाइप्रतिको रुचि बढाउन सहयोग गर्छ।

कार्यक्रममा महासंघका केन्द्रीय सचिव महेश शर्मा, केन्द्रीय सह-कोषाध्यक्ष रवीन बराल, केन्द्रीय सदस्य पुरुषोत्तम दाहाल, कोशी प्रदेश सदस्य गौरी चौलागाँई, विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विश्वबन्धु थापा, स्थानीय जनप्रतिनिधि लक्ष्मीप्रसाद खनाल, बिद्यालयका पूर्व प्रधानाध्यापक कमल भण्डारीलगायतका व्यक्तिहरूको सहभागिता रहेको थियो।

कार्यक्रमका प्रमुख अतिथि महासंघका कोशी प्रदेशका निवर्तमान अध्यक्ष जीवन नेपालले पुस्तक व्यवसायीहरूको भूमिकाबारे स्पष्ट दृष्टिकोण राखे। व्यवसाय भनेको नाफामुखी काम मात्र होइन- उनले भने- व्यवसायीले कमाएको आम्दानीको केही अंश समाज रूपान्तरणका लागि खर्च गर्नु नै सामाजिक उत्तरदायित्व हो। उनले झापामा पुस्तक तथा स्टेशनरी व्यवसायी संघले विगत १२ वर्षदेखि निरन्तर रूपमा सामुदायिक तथा धार्मिक विद्यालयलाई विभिन्न प्रकृतिका सहयोग गर्दै आएको उल्लेख गर्दै यस्ता कार्यक्रमले व्यवसायीहरूको सामाजिक छवि बलियो बनाएको बताए।

प्रधानाध्यापक चन्द्रकला भट्टराईले पुस्तक दिवसको अवसरमा प्राप्त सहयोगले विद्यार्थीहरूलाई प्रत्यक्ष राहत पुगेको बताइन्। कार्यक्रम सफल बनाउन विद्यार्थी बुक्स बिर्तामोड, पूजा कपी चितवन, हिमाल कपी उद्योग विराटनगर र सुगम सेल्स बिर्तामोडको विशेष सहयोग रहेको थियो। महासंघ झापाका अध्यक्ष विनोद सापकोटाले दाता व्यवसायीहरूको योगदानप्रति कृतज्ञता व्यक्त गरेको कार्यक्रममा स्थानीयवासीले पनि पुस्तकालयका लागि जग्गा व्यवस्थापनमा सहयोग गर्ने प्रतिबद्धता जनाएका थिए।

कार्यक्रमको सहजीकरण महासंघका सचिव चन्द्रमणि घिमिरेले गरेका थिए। १३औं राष्ट्रिय पुस्तक दिवसको अवसरमा आयोजित यस कार्यक्रमले पुस्तक व्यवसाय, शिक्षा र सामाजिक उत्तरदायित्वबीचको सम्बन्धलाई अझ मजबुत बनाउँदै सामुदायिक बिद्यालय सुदृढीकरणतर्फ सकारात्मक सन्देश दिएको सहभागीहरूको भनाइ थियो।

## एसपी ...

प्रहरीको कमाण्ड पनि परिवर्तन हुँदैछ। सशस्त्र प्रहरी बल, नेपाल नं. २ गण हेडक्वाटर झापाका गणपतिलगायत जिल्ला तहका कमाण्ड पनि केही दिनभित्रै फेरिने भएका छन्।

## निर्वाचन ...

निर्वाचनका सम्पूर्ण प्रक्रिया हामीले नजिकबाट अवलोकन गरिरहेका छौँ, मनोनयन क्रममा देखिएको उत्साह र जनसहभागिता प्रशसंनीय छ- विज्ञप्तिमा भनिएको छ- तर केही स्थानमा देखिएको तडकभडक र उत्तेजक गतिविधि आचारसंहिताविपरीत देखिएकाले सम्बन्धित पक्षलाई ध्यानाकर्षण गराउन चाहन्छौं।

## कांग्रेसले ...

ढिलो-छिटो सबैले अवसर पाउने चर्चा गरे। अर्का समानुपातिक उम्मेदवार मनु विश्वकर्माले आफूले दलित, महिला र युवापुस्ताको प्रतिनिधित्व गरेको बताउँदै पार्टीले अवसर दिएकोप्रति आभार व्यक्त गरे।

नेपाल महिला संघ झापाका अध्यक्ष टीका सिटौला मैनालीको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सीता चुडाल सुवेदी, रनमाया रसाइली, सीता चम्लागाँई लगायतले आ-आफ्ना धारणा राखेका थिए। भेलाले नेपाली कांग्रेसबाट उठेका उम्मेदवारको पक्षमा माहौल सिर्जना गर्न सबै क्षेत्रीय समितिहरुलाई आग्रह गरेको छ।

## झापामा ...

मानबहादुर पुलामी मगर रहेका छन्।

त्यस्तै झापा निर्वाचन नम्वर ३मा राष्ट्रिय स्वतन्त्र पार्टीका प्रकाश पाठक, नेपाल मजदुर किसान पार्टीका धर्मलक्ष्मी लधु (महिला), राप्रपाका राजेन्द्र लिङ्देन, जनमत पार्टीका हर्षलाल राजवंशी, मंगोल नेशनल अर्गनाइजेशनका यमकुमार श्रेष्ठ, श्रम संस्कृति पार्टीका दीपक तिम्सिना, नेकपा एमालेका हरि राजवंशीको मनोनयन कायम भएको छ।

त्यस्तै नेपाली कांग्रेसका राजेन्द्रकुमार घिमिरे, नेपाली कम्युनिष्ट पार्टीका डिल्लीराम घिमिरे, जसपाकी बिनिताकुमारी राजवंशी, स्वतन्त्रबाट मानबहादुर संग्रौला, उज्यालो नेपाल पार्टीका श्यामकृष्ण पाठक, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चकी चन्द्रकला साँवा, जसपा नेपालका कर्णलाल राजवंशी, स्वतन्त्र अभय राजवंशी, नेशनल रिपब्लिक नेपाल जयन मगर, नेकपा (माओवादी बिप्लब) सन्तोष कट्वालको उम्मेदवारी कायम रहेको मुख्य निर्वाचन अधिकृत उमेशप्रसाद लुइँटेलले जानकारी दिए।

यता झापा निर्वाचन क्षेत्र नं. ४मा राष्ट्रिय प्रजातन्त्र पार्टीका भक्तिप्रसाद सिटौला, राष्ट्रिय स्वतन्त्र पार्टीका शम्भुप्रसाद ढकाल, मंगोल नेशनल अर्गनाइजेशनका दिलीप धिमाल, नेपाल कम्युनिष्ट पार्टी मार्क्सवादी (पुष्पलाल)का टेकबहादुर अधिकारी, श्रम संस्कृति पार्टीकी अमृतादेवी राई, नेपाल कम्युनिष्ट पार्टी (एमाले)का लालप्रसाद साँवा लिम्बू, नेपाली कम्युनिष्ट पार्टीका पुरुषोत्तम चुडाल रहेका छन्।

त्यस्तै नेपाली कांग्रेसका देउकुमार थेवे, संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्चका किरण लिम्बू लिङ्देन, उज्यालो नेपाल पार्टीका सन्तोष तामाङ, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का ताराबहादुर थापा, नेपाल मजदुर किसान पार्टीका तुलसी लक्ष्मी दुमरु, स्वतन्त्र उम्मेदवार साजन माझी, जनता समाजवादी पार्टीका पल्टन ताजपुरिया, जनमत पार्टीका लोश्रो हेमरम, राष्ट्रिय मुक्ति पार्टीका त्रिनारायण राजवंशी रहेका छन्।

यता झापा निर्वाचन क्षेत्र नं. ५ मा राष्ट्रिय मुक्ति पार्टीका अमृत रसाइली, जनमत पार्टीका अमृतलाल महतो, स्वतन्त्र उम्मेदवार अर्जुन सापकोटा, नेकपा एमालेका केपी शर्मा ओली, स्वतन्त्र उम्मेदवार खेमनाथ शिवाकोटी, स्वतन्त्र उम्मेदवार डम्मर साहू, पिपुल फर्स्ट पार्टीका धर्मराज गुरागाँई, जनता समाजवादी पार्टीका धिरेन सुब्वा, नेपाल जनमुक्ति पार्टीका पदमबहादुर जवेगू रहेका छन्।

त्यस्तै स्वतन्त्र उम्मेदवार पुष्कर खतिवडा, स्वतन्त्र प्रकाश नेपाल, नेपाली कांग्रेसका मंधरा चिमरिया, स्वतन्त्र मातृका भट्टराई, स्वतन्त्र रञ्जना गौतम, नेपाली कम्युनिष्ट पार्टीका रञ्जित तामाङ, राष्ट्रिय प्रजातन्त्र पार्टीका लक्ष्मीप्रसाद संग्रौला, राष्ट्रिय स्वतन्त्र पार्टीका बालेन्द्र शाह, स्वतन्त्र बिपुल गुरागाँई, स्वतन्त्र शोभा भण्डारी, नेपाल कम्युनिष्ट पार्टी (माओवादी)का सञ्जय राई, श्रम संस्कृति पार्टीका समिर तामाङ, राष्ट्रिय परिवर्तन पार्टीका सविन राई, मंगोल नेशनल अर्गनाइजेशनका सानबहादुर मेचे र संघीय लोकतान्त्रिक राष्ट्रिय मञ्च सुशान साम्पाङ राईको उम्मेदवारी कायम रहेको जिल्ला निर्वाचन कार्यालय झापाले जनाएको छ।

**मोरङमा २ जनाको उम्मेदवारी रद्द**

मोरङ जिल्लामा दर्ता भएका २ जना उम्मेदवारको उम्मेदवारी रद्द भएको छ। आगामी फागुन २१ गते हुने प्रतिनिधिसभा सदस्य निर्वाचनका लागि दर्ता भएकामध्ये दुई जनाको उम्मेदवारी रद्द भएको हो।

निर्वाचन अधिकृतको कार्यालयले कानूनी कारण देखाउँदै मोरङ क्षेत्र नम्बर ४ र ६ का उम्मेदवारको उम्मेदवारी खारेज गरेको हो। मोरङ क्षेत्र नम्बर ४मा उज्यालो नेपाल पार्टीबाट उम्मेदवारी दिएका विनोद परियारको उम्मेदवारी रद्द भएको छ। त्यस्तै, मोरङ क्षेत्र नम्बर ६मा जनता समाजवादी पार्टी (जसपा)बाट उम्मेदवारी दिएका महमद जाविरको उम्मेदवारी पनि रद्द भएको मोरङ निर्वाचन अधिकृतको कार्यालयले जनाएको छ।

उम्मेदवारी रद्द हुनुको विस्तृत कारण भने सार्वजनिक गरिएको छैन। निर्वाचन कार्यतालिका अनुसार मोरङका ६ वटा निर्वाचन क्षेत्रमा माघ ६ गते उम्मेदवारी दर्ता प्रक्रिया सम्पन्न भएको थियो।

उक्त दिन जिल्लाभरबाट जम्मा एक सय १८ जनाले प्रतिनिधिसभा सदस्यका लागि उम्मेदवारी दर्ता गराएका थिए। दुई जनाको उम्मेदवारी रद्द भएसँगै अब उम्मेदवारको संख्या एक सय १६ कायम भएको छ।

उम्मेदवारी जाँचबुझको क्रममा कानूनी मापदण्ड पूरा नगरेको, आवश्यक कागजात अपूरो रहेको वा अन्य निर्वाचन ऐन तथा नियमावली अनुसार अयोग्य ठहर भएका उम्मेदवारको उम्मेदवारी रद्द हुने व्यवस्था छ। निर्वाचन आयोगको कार्यतालिका अनुसार बाँकी उम्मेदवारको अन्तिम नामावली शुक्रबार सार्वजनिक गरिनेछ।

## देशभर ...

दाबी विरोध सकिएपछि अन्तिम नामावली प्रकाशन गरिने त्यस अवसरमा जानकारी दिइयो। प्रत्यक्ष निर्वाचनतर्फको अन्तिम नामावली शुक्रवार देशभरका ७७ मुख्य निर्वाचन अधिकृत र ८८ निर्वाचन अधिकृतको कार्यालयमार्फत प्रकाशन गरिएको आयोगले जनाएको छ।


भारतका प्रतिष्ठित अस्पतालबाट आउनुभएका विशेषज्ञ डाक्टरहरूको दैनिक सेवा अब बिर्तामोडमै

डा. प्रशिद्ध ढकाल
MBBS, MD (PGI, Chandigarh), DM (AIIMS, New Delhi) Advanced Management of Diabetes (USA)
बरिष्ठ मधुमेह (सुगर), थाइरोइड, हर्मोन रोग विशेषज्ञ

डा. बबिता शर्मा
MBBS, MD (PGI, Chandigarh)
Ex-Scientist ICMR/AIIMS New Delhi
बरिष्ठ मानसिक रोग बिशेषज्ञ

डा. विधान न्यौपाने
Consultant Dermatologist
MBBS (T.U.), MD (K.U.)
छाला रोग विशेषज्ञ
दैनिक बिहान ९:00 बजेदेखि १0:00 बजेसम्म
दिउँसो २:00 बजेदेखि ५:00 बजेसम्म

डा. रोहित पंजियार
MBBS, MD (PGI, Chandigarh)
बरिष्ठ छाला, कपाल, सौन्दर्य, यौन, कुष्ठरोग बिशेषज्ञ
महिनाको अन्तिम शुक्रबार र शनिबार

आर. आर. पोलिक्लिनिक
अन्नपूर्ण चोक, भद्रपुररोड (भद्रपुर बस स्टेण्डसगै), बिर्तामोड-४, झापा
०२३-५९११७४, ९८२०४५११७४



समृद्धिको आधार, आर्थिक विकास।
कृषि, पर्यटन उद्योग र व्यापार ॥

झापा औद्योगिक, व्यापार, कृषि तथा पर्यटन महोत्सव-२०८२

कोशी प्रदेश पर्यटन वर्ष २०८२

मितिः २०८२ माघ ०७ गतेदेखि २१ गतेसम्म। स्थानः मेची रंगशाला परिसर, भद्रपुर-८

महोत्सवका आकर्षणहरु:
- स्वदेशी तथा विदेशी औद्योगिक-व्यावसायिक स्टलहरु
- स्थानीय तथा राष्ट्रिय ख्यातिप्राप्त कलाकारहरुको बेजोड प्रस्तुति
- कृषि सामग्री प्रदर्शनी
- घरेलु हस्तकलाका सामग्रीहरुको प्रदर्शन
- स्थानीय मौलिक खानेकुराका स्वादिष्ट परिकारहरु
- मनोरञ्जनात्मक खेल-तमासा
- बाल उद्यान
- शैक्षिक तथा स्वास्थ्य सेवा परामर्श सेवाहरु
- विविध खेलकुद गतिविधि
- आकर्षक सेल्फी जोन

बहुआयामिक महोत्सवको लाभ लिऔं

मुख्य प्रायोजक: ओम साई पाथिभरा हस्पिटल
Banking Partner: माछापुच्छ्रे बैंक
आयोजकः झापा उद्योग वाणिज्य संघ, जिल्ला कार्यालय, झापा (भद्रपुर)
संरक्षक: भद्रपुर नगरपालिका
सहयोगी स्थानीय तह: हल्दिबारी गाउँपालिकाको कार्यालय, कचनकवल गाउँपालिकाको कार्यालय
प्रायोजक: त्रिशक्ति ग्यास
सह-प्रायोजक: XTREME Energy Drink, Godawari, The Governor, Sunmai Spring
सहयोगी संस्था: झापा जिल्ला खेलकुद विकास समिति, नेपाल सुनचाँदी व्यवसायी संघ झापा, भद्रपुर, निर्माण व्यवसायी संघ, झापा, भद्रपुर झापा गोल्ड कप, भद्रपुर क्रिकेट क्लब
इभेन्ट प्रायोजक: कञ्चनजंघा सिमेन्ट उद्योग, MEGA CEMENT
प्रवर्द्धक: नेपाल उद्योग वाणिज्य महासंघ, नेपाल उद्योग वाणिज्य महासंघ, कोशी प्रदेश, पर्यटन कार्यालय, काँकरभिट्टा
समन्वय: झापा उद्योग संघ



# सहारा नेपाल (SAHARA NEPAL)

**केन्द्रीय कार्यालय, झापा**

## बोलपत्र आह्वानको सूचना

**दोस्रो पटक सूचना प्रकाशित मितिः २०८२/१०/१०**
**बोलपत्र आह्वानको सूचना नं. : 01/SN/NFRP/2082/083**

सहारा नेपाल तथा ह्यावीट्याट नेपालको आर्थिक तथा प्राविधिक सहयोगमा सञ्चालित "Nepal Flood Response Project, Jhapa" अन्तर्गत **आवास निर्माण**का लागि विभिन्न किसिमका निर्माण सामाग्रीहरु खरिद गर्नुपर्ने भएकाले नेपाल सरकारबाट इजाजत प्राप्त सप्लायर्सहरुबाट तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही यस सिलबन्दी बोलपत्र आव्हान गरिन्छ। सार्वजनिक खरिद ऐन,२०६३, को दफा ८ तथा सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ३१ बमोजिम राष्ट्रिय स्तरको खुल्ला बोलपत्रका माध्यमबाट खरिद गनुपर्ने भएकाले योग्य फर्म वा संस्थालाई जानकारीका लागि यो बोलपत्र आव्हानको सूचना प्रकाशित गरिएको छ।

**बोलपत्रको विवरण**

| क्र.स. | सामाग्री विवरण | परिमाण | बोलपत्र जमानत रकम रु. | बोलपत्र फारम दस्तुर रु. | बोलपत्र मान्य हुने अवधि | बोलपत्र खरिद र दर्ता गर्ने अन्तिम मिति र समय | बोलपत्र खोल्ने मिति र समय |
|---|---|---|---|---|---|---|---|
| १ | आवास निर्माणमा आवश्यक सामग्रीहरु जस्तैः सिमेन्ट,नट, बोल्ट, जस्ता पाता, चिकन मेस, रिबार, झ्याल, ढोका इत्यादि) | झापा गाउँपालिकामा निर्माणाधीन १२१ घर धुरी स्तर उन्नति | रु २,०२,०००/- (दुई लाख दुई हजार रुपैया मात्र।) | १,००० (एक हजार रुपैया मात्र।) | ९० दिन | बोलपत्र खरिद : २०८२/१०/१५गते कार्यालय समय भित्र बोलपत्र दर्ता गर्नेः २०८२/१०/१६ गते दिनको १२ बजेभित्र | २०८२।१०।१६ गते दिनको २ बजे |

- बोलपत्र खरिद गर्न चाहने इच्छुक योग्य बोलपत्रदाताहरुले बोलपत्र सम्बन्धी कागजात यस सहारा नेपाल को केन्द्रीय कार्यालय विर्तामोड-२, चारपाने, झापामा लिखित निबेदन पेश गरी मिति २०८२/१०/१५ गते कार्यालय समयभित्र प्राप्त गर्न सक्नेछ। निबेदनको साथमा कम्पनी/फर्म/व्यवसाय दर्ता, पान नम्वर वा भ्याट नम्वर, करचुक्ता प्रमाणपत्र आव २०८१/०८२ को प्रतिलिपि र बोलपत्र सम्बन्धी कागजातको दस्तुर पेश गनुपर्ने छ।
- बोलपत्र फारम दस्तुर तपशिल बैंक खातामा जम्मा गरेको सक्कल बैंक भौचर पेश गरी, बोलपत्र खरिद गर्न सकिने छ।
- बोलपत्र सम्बन्धी कागजात केन्द्रिय कार्यालय विर्तामोड-२,झापामा मात्र संकलन गरिने छ।
- बोलपत्रको साथमा, बोलपत्र जमानत (बैंक ग्यारेन्टी) उपलब्ध गराउनु पर्ने छ, जमानतको मान्य अबधि बोलपत्र खोलेको मितिबाट कम्तिमा पनि १२० दिन हुनुपर्ने छ वा सो बराबरको रकम तपशिल बैंक खातामा जम्मा गरी सक्कल बैंक भौचर संलग्न गरी बोलपत्रको साथ पेश गर्नुपर्नेछ।
- तोकिएको समयभित्र पेश भएका बोलपत्रहरु उपस्थित हुन चाहने बोलपत्रदाता वा निजको प्रतिनिधिको रोहबरमा सहारा नेपाल को केन्द्रिय कार्यालय विर्तामोड-२,झापामा मिति २०८२/१०/१६ गते दिनको २ बजे खोलिनेछ। बोलपत्रदाता वा निजको प्रतिनिधि उपस्थित नभएमा बोलपत्र खोल्न बाधा पर्ने छैन।
- बोलपत्र खरिद गर्ने, पेश गर्ने, खोल्ने अन्तिम दिन सार्वजनिक विदा परेमा त्यसको भोलिपल्ट कार्यालय, खुल्ने दिन अन्तिम दिन कायम हुनेछ। त्यस्तो अवस्थामा बोलपत्र र बोलपत्रको जमानतको मान्य अवधि भने साविकै मितिदेखि गणना गरिने छ।
- बोलपत्र स्वीकृत गर्ने, रद्द गर्ने, आंशिक रुपमा स्वीकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस सहारा नेपाल मा सुरक्षित रहने छ।
- बोलपत्र सम्बन्धी अन्य शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ।

**सहारा नेपाल, नेपाल बैंक लिमिटेड, विर्तामोड शाखा, खाता नं. ०८८००१००४३१६३५००००01**

बोलपत्र सम्बन्धी अन्य जानकारीका लागि **सहारा नेपाल** को कार्यालय, वा सम्पर्क नं. फोन नं.०२३-५३११९८, saharanepal@ntc.net.np मा सम्पर्क गर्न सकिने छ।



# ऋण/कर्जा चुक्ता भुक्तान गर्ने बारे ३५ दिने सूचना

**प्रकाशित मिति : २०८२/१०/१०**

तपसिलमा उल्लेखित ऋणीले यस बैंकबाट विभिन्न ऋण/कर्जा शिर्षक अन्तर्गत उपभोग गर्दै आएको ऋण/कर्जा बापत बैंकलाई समय समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज तथा अन्य दैदस्तुर नबुझाई बैंकसंग गरेको ऋण/कर्जा सम्बन्धी शर्तहरुको उल्लंघन गरेको र पटक-पटक मौखिक तथा लिखित तरताकेता गर्दा समेत बेवास्ता गरेकाले ऋणी, जमानतकर्ता एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण कर्जासंग सम्बन्धित सबैलाई ऋण/कर्जा चुक्ता भुक्तान गर्नु/गराउनु हुन यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित मितिले ३५ (पैतीस) दिनभित्र यस बैंक/सम्बन्धित शाखामा सम्पर्क राखी बैंकबाट लिएको ऋण कर्जाको बुझाउनु पर्ने सम्पूर्ण साँवा, ब्याज र अन्य दैस्तुर चुक्ता भुक्तान गर्नु/गराउनु होला। अन्यथा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३ तथा प्रचलित कानूनले दिएको अधिकार प्रयोग गरी ऋणी, व्यक्तिगत जमानीकर्ताहरु एवम् ऋणी फर्म/कम्पनीका प्रोप्राइटर/साझेदार/संस्थापक/संचालक लगायत ऋण/कर्जासंग सम्बद्ध सबै पक्षलाई कर्जा सूचना केन्द्र लिमिटेडको कालो सूचीमा नाम समावेश गर्न लेखि पठाई एवम् नेपाल सरकार, अध्यागनम बिभागमा पासपोर्ट जफत गर्नेकार्य गर्न समेत लेखि पठाइने छ। कर्जाको सुरक्षण स्वरुप बैंकलाई दिएको चल/अचल सम्पत्ति जे जस्तो अवस्थामा छ, सोही अवस्थामा लिलाम विक्री गरी बैंकको सम्पूर्ण लेना रकम असुल उपर गर्ने तर्फ आवश्यक कारबाही अघि बढाइने व्यहोरा सूचित गरिन्छ। साथै, धितो सुरक्षणको लिलाम बिक्री हुन नसकी बैंकले धितो सकार गर्नु परेमा वा लिलाम बिक्रीबाट बैंकको सम्पूर्ण बक्यौता असुल उपर नभएमा असुल उपर हुन नसकेको रकमको हदसम्म कानून बमोजिम ऋणी र व्यक्तिगत जमानतकर्ताहरुको घरघरानाबाट असुली गर्ने तर्फ कानुनी प्रकृया अगाडी बढाइने व्यहोरा समेत सूचित गरिन्छ।

**तपसिल**

**शाखा कार्यालय :** महानन्दचोक **कर्जाको प्रकार :** व्यवसायिक चालूपुँजी कर्जा

**ऋणी/धितो जमानतकर्ता/व्यक्तिगत जमानतकर्ताको नाम थर तथा तीनपुस्ते बिवरण**

**ऋणी :** साझेदारी फर्म रजिष्ट्रेशन ऐन, २०२० बमोजिम नेपाल सरकार, उद्योग बाणिज्य तथा आपूर्ति मन्त्रालय बाणिज्य विभाग घरेलु तथा साना उद्योग कार्यालय झापामा मिति २०७७/०७/२१ मा सा.फ.र.न. २८/१४५९१ अन्तर्गत रजिष्टर्ड/दर्ता भएको रजिष्टर्ड ठेगाना झापा जिल्ला बिर्तामोड न.पा वडा नं. ५ भै हाल सोही स्थानस्थित बि.एन.ट्रेडर्सका तर्फबाट ऐ. फर्मका साझेदारहरु कपिल मनि उप्रेतीको नाति, लक्ष्मी प्रसाद उप्रेतीको छोरा नागरिकता बमोजिम झापा जिल्ला, बिर्तामोड न.पा. वडा नं. ७ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचिनगर न.पा. वडा नं.१० बस्ने, मिति २०५५/१०/११ मा जिल्ला प्रशासन कार्यालय झापाबाट जारी गरिएका ना.प्र.नं. ३५७४४५०१० भएको वर्ष ४४ को विकास उप्रेती.....१ र ऐ. फर्मका साझेदार बैजनाथ गिरीको नाती, देवी लाल गिरीको छोरा नागरिकता बमोजिम जुम्ला जिल्ला, नराकोट गा.वि.स. वडा नं. ३ स्थायी ठेगाना भई हाल झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ६ बस्ने मिति २०४६/१/२५ मा जिल्ला प्रशासन कार्यालय जुम्लाबाट जारी गरिएका ना.प्र.नं. ४४७/२३५८ भएको वर्ष ५३ को **नारायण गिरी.........१** गरी जम्मा दुई।

**धितो सुरक्षणको विवरण :** कमलादेवि पाण्डेको नाममा भूमिसुधार तथा मालपोत कार्यालय भद्रपुरमा दर्ता कायम रहेको झापा जिल्ला, पाराखोपी गा.वि.स., वडा नं. ६ स्थित कि.नं. ११४८० को क्षेत्रफल ०-२-१० (बि-क-धु) जग्गा र सो जग्गाले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

| **ब्यक्तिगत जमानीकर्ताः** | **धितो/ब्यक्तिगत जमानीकर्ताः** |
|---|---|
| नाम : हेमा आचार्य | नाम : कमलादेवी पाण्डे |
| बाबु : टिका प्रसाद आचार्य | बाबु : प्रेम प्रसाद पाण्डे |
| पति : विकास उप्रेती | पति : नारायण गिरी |
| ना.प्र.नं: ३००४८१३ (जारी जिल्ला र मिति : झापा र २०५७/०४/३२) | ना.प्र.नं: ३००४१३०९ (जारी जिल्ला र मिति : झापा र २०५९/०१/०५) |
| ठेगानाः झापा जिल्ला, दुवागढी गा.वि.स. वडा नं. ४ स्थायी ठेगाना भई हाल झापा जिल्ला, मेचिनगर न.पा. वडा नं. १० बस्ने। | ठेगानाः झापा जिल्ला, दुवागढी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल झापा जिल्ला, अर्जुनधारा न.पा. वडा नं. ६ बस्ने। |

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd.
Birtamode, Jhapa 023-533564 | 534010 info@edb.com.np www.edb.com.np

**कर्जा असुली विभाग**



श्रीअन्तु प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित - कार्यालय : बिर्तामोड-१, झापा ■ प्रकाशक : भरतलाल गिरी, ■ अध्यक्ष : टोरुप प्रसाई, ■ व्यवस्थापक : चन्द्रकान्त ढकाल (९८४४६४२०९५/ ९८१७९९०२९९) ■ प्रकाशन सहयोगी : भानुप्रसाद शिवाकोटी ■ सम्पादक : एकराज गिरी
■ कार्यकारी व्यवस्थापक : होमप्रकाश अधिकारी (९८४२६३४७४०) ■ सह-सम्पादक : सुरेन्द्र भण्डारी ■ अनलाइन संयोजक : नरेन्द्र ढकाल ■ डेस्क सम्पादक : लक्ष्मण ढकाल ■ लेखा : सोमनाथ भण्डारी ■ बजार व्यवस्थापक : लीला आचार्य (९८१४०१८५७१) ■ कम्प्युटर : रुपा मुखिया/ सन्तोष अधिकारी
■ बिर्तामोड प्रतिनिधि: गोपाल अधिकारी-९८०७९१०२२२/सञ्जय श्रेष्ठ ९८०६०३३१५३ ■ प्रोसेसिङ : गोपाल मण्डल ■ प्राविधिक : बद्री महतारा (कार्यालय फोन : ०२३-५३१००२/प्रशासन/विज्ञापन : ०२३-५३००४४) Email: purwanchal2052@gmail .com



# नेपाली साहित्याकाशका चम्किला तारा

# सत्यमोहन जोशी



बिमल गिरी

**व्यक्तित्व/स्मृति**

नेपाली भाषा साहित्यमा खासगरी आफ्नो पूर्ण परिचय प्राप्त गर्नका लागि आफ्नो सांस्कृतिक पहिचान, भाषा र रीतिथिति अङ्गीकार गरेको हुनुपर्छ भनेर प्रष्टसँग बोल्नु हुने स्वाभिमानी, भाषा, साहित्य र कला, संस्कृतविद्‌को नाम हो- डा. सत्यमोहन जोशी। उहाँको योगदान र विशेषता अध्ययन, अनुसन्धान र प्रकाशनमा थुप्रै अध्येताहरु र लेखकहरु लागीरहेका छन्।

२०१३ सालमा 'हाम्रो लोक संस्कृति'मा पहिलो मदन पुरस्कार प्राप्त गर्नु भई अब गाउँ, घर, सभ्यता र संस्कृतिका अलिखित घटना र सन्दर्भहरु प्रकाशमा ल्याउनुमा नै आफ्नो कार्य क्षेत्र ठानी सन्तोषको सास फेर्दै नेपालको इतिहासमा तीन पटकसम्म मदन पुरस्कार प्राप्त गरी आफ्नो नाम रच्न सफल हुने बरिष्ठ साहित्यकार हुनुहुन्छ सत्यमोहन जोशी।

जीवनप्रतिको सकारात्मक सोचमाथि आफ्नो निडर, स्पष्टवक्ता र हक्की स्वर बोल्न सामर्थ राख्ने नेपाली साहित्यका अमूल्य निधी हुनुहुन्छ जोशी। नेपाली भादगाउँले टोपी, पुरानैशैलीको दौरा-सुरुवाल र कोटमा आफ्नो पहिचान देखाउन सफल हुनुभएको जोशीको आजभन्दा करिब पाँच बिस पुग्न लाग्नुभएका ललितपुरको बखुबहालमा वि.सं. १९७७ साल बैशाख २० गते जन्म भएको थियो।

पिता शंकरराज जोशी र माता राजकुमारी जोशीको पहिलो सन्तानको रुपमा जन्मनुभएको जोशीको पाँच बर्ष हुँदासम्म पनि बोलि नफुटेर उहाँका माता-पिताले विभिन्न देवी-देवताको शरणमा गएपछि विस्तारै बोल्न थाल्नुभएको थियो भन्ने भनाइ छ। कलेजको पढाई सकेर थोरै तलबमा अरुकै सहयोगबाट काठमाडौं तथा विभिन्न ठाउँमा काम गर्दै पछि आफ्नो कार्य क्षेत्र अन्तर्गत तनहु जानु भयो। त्यहाँ जाँदा भर्खर विवाह गर्नुभएको थियो र कहिले पनि उहाँ उपत्यका बाहिर नजानु भएकोले पहिलो पटक उहाँलाई उपत्यका बाहिर गएर काम गर्दा शुरुमा निक्कै गाह्रो, अप्ठेरो र विरक्त लागेको थियो। नचिनेको ठाउँ, सबै नयाँ अनुहार देख्दा बिरक्त लाग्नु स्वभाविक नै थियो। रहँदै-बस्दै जाँदा पछि गाउँले भाका, रोदी, दोहोरी र बालनमा आफ्नो मन रम्न थाल्यो। बिस्तारै त्यहाँको परिस्थिती टपक्कै टिपेर गाउँका दिदीबहिनीहरुले गाउने लोकभाकालाई लिपिबद्ध गरेर २००३ सालमा शारदा पत्रिकामा प्रकाशित गर्नुभयो।

पछि आफूले लेखेका बिभिन्न पान्डुलिपिहरुलाई काँटछाँट गरेर 'हाम्रो लोक संस्कृति' नामको पाण्डुलिपि तयार पार्नु भयो। सोही पान्डुलिपिलाई २०१३ सालमा स्थापना भएको मदन पुरस्कारले पहिलो पुरस्कार यसै पाण्डुलिपिलाई दिएर उहाँ नेपालको इतिहासमा मदन पुरस्कार प्राप्त गर्ने पहिलो व्यक्तिको रुपमा स्थापित हुनु भयो।

२०१५ सालमा निर्वाचित सरकारको पालामा स्थापना भएको 'पुरातत्व र संस्कृति विभाग'को उहाँ पहिलो निर्देशक बन्नुभयो र उहाँले त्यस विभागमा रहनुहुँदा २०१६ सालमा राष्ट्रिय नाचघरको जग्गा एक लाख ३७ हजार रुपैयाँमा खरिद गरेर नाचघरको नामकरण गरी स्थापना गर्नुभयो। उहाँले त्यस समयमा पाटन पुरातात्विक बगैंचा, भक्तपुर कला संग्रहालय, पुरातत्व संग्रहालय तौलिहवाको स्थापना गर्नुभयो भने राजा मानदेवदेखिको राजा महेन्द्रसम्मको नेपाली मुद्राको सफल प्रदर्शनी समेत गर्नुभयो।

२०१६ सालमा नेपालको पाँचौं शताब्दीदेखि २०औं शताब्दीसम्मको मुद्राको विस्तृत विवरणसहितको 'राष्ट्रिय नेपाली मुद्रा' नामक पुस्तक प्रकाशित गर्नुभयो। सोही पुस्तकले २०१७ सालको मदन पुरस्कार प्राप्त गऱ्यो र उहाँले यो दोस्रो पटक मदन पुरस्कार प्राप्त गर्नुभएको थियो।

२०१७ सालमा उहाँले रत्न पुस्तक भण्डारबाट 'नेपाली बर्णमाला' प्रकाशित गर्नुभयो र सो पुस्तक धेरै लोकप्रिय भएर चौथो संस्करणसम्म निकाल्नु परेको थियो। २०१९ सालमा चिनियाँ सरकारको सहयोगमा चिनियाँ जनतालाई नेपाली भाषा सिकाउनुपर्ने कार्यक्रमका लागि आबेदन माग भएकोमा उहाँ नै छानिनु भयो र चार वर्षसम्मका लागि चीन प्रस्थान गर्नुभयो।

नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको कुलपतिमा केदारमान व्यथित हुनुभएको समयमा उहाँलाई सह सदस्यमा मनोनित गरिएको थियो। नेपाल राजकीय प्रज्ञा प्रतिष्ठान आबद्ध भएपछि नेपाली भाषा, साहित्यको विकासका लागि केही ठोस कार्य गर्ने जमर्को गर्नुभयो। त्यसैको फलस्वरूप नेपाली भाषाको उद्‌गम स्थल कर्णाली अञ्चलको सिंजा उपत्यका गएर त्यहाँको भाषिक, सांस्कृतिक, भौगोलिक, सामाजिक र जातीय अध्ययन गरी कर्णाली सिंजा उपत्यकामा नेपाली भाषाको उत्खनन् सम्बन्धी विस्तृत अध्ययन गर्न एउटा टोलीको गठन गर्नुभयो।

सो टोलीमा स्थिर जंगबहादुर सिंह, बिहारीकृष्ण श्रेष्ठ, चुडामणि बन्धु र प्रदिप रिमाल थिए। थुप्रै अथक परिश्रम र मिहिनेतले त्यस टोलीले पाँच खण्डको एक ग्रन्थ तयार पारेर सो ग्रन्थलाई 'कर्णाली लोक संस्कृति' नामकरण गरियो। सोही ग्रन्थले पनि २०२८ सालको मदन पुरस्कार प्राप्त गर्न सफल भएको थियो। यो पुरस्कार समेत गरी उहाँ तेस्रो पटक मदन पुरस्कारबाट पुरस्कृत हुनु भयो।

सूर्यविक्रम ज्ञवाली २०३० सालमा कुलपति भएपछि उहाँ प्रतिष्ठानको सदस्य सचिवमा मनोनित हुनु भएलगत्तै नेपाली नाटकको विकास गर्नका लागि फर्केर हेर्दा, सपना ब्यूँभन्छ, जब घाम लाग्छको सफल नाटक मञ्चन मात्र गर्नुभएन दार्जिलिङ्गको चर्चित नाटक मनबहादुर मुखियाको 'अनि देउराली रुन्छ' जस्ता कर्णप्रिय नाटकहरु जनमानसमा प्रस्तुत गर्नुभयो र बिस्तारै नाटकको विकासको साथसाथै धेरै आर्थिक लाभ पनि प्रतिष्ठानले प्राप्त गऱ्यो।

भद्र, शालीन एवम् सरल जीवनका प्रतीक आदरणीय जोशीले २०३६ सालमा पुनः भाषा प्राध्यापनको लागि चीन दुई वर्षका लागि प्रस्थान गर्नुभयो र सोही समयमा नेपालका प्रख्यात कलाकार अरनिकोको बारेमा विस्तृत अध्ययन गर्नु भयो र फलस्वरूप उहाँले 'कलाकार अरनिको' नामक अनुसन्धानमूलक कृति नेपाली भाषा र नेपाल भाषामासहित प्रकाशित गर्नुभयो।

उहाँको नेपाल भाषामा लेख्नुभएको अर्को पुस्तक 'जय प्रकाश'ले नेपाल भाषाको प्रसिद्ध पुरस्कार 'श्रेष्ठ सिरपा' पुरस्कार प्राप्त गर्नुभएको थियो।

वाङ्मय शताब्दी पुरुष सत्यमोहन जोशीले चीनबाट नेपाल २०३८ सालमा फर्किएपछि उहाँले त्रिभुवन विश्वविद्यालय केन्द्रिय विभागमा नेपाल भाषाको प्राध्यापन गर्न थाल्नु भयो। यो उमेरमा पनि उहाँ अहिले विभिन्न संघ-संस्थामा आबद्ध हुनुभयो। नेपाल भाषा प्रतिष्ठान किर्तिपुरको अध्यक्ष, नेपाल म्युजिक सेन्टर गौशाला र नेपाल आर्ट काउन्सिलको पनि अध्यक्ष हुनुहुन्थ्यो। उहाँको अमूल्य सिर्जनाहरुमा बाघ भैरब, मृत्यु एक प्रश्न, सिपाही र रैती, दैलाको बत्ती, गुलाब र गुराँस, पुरातत्व एक रोचक कथा, नेपाली लोक गीत एक अध्ययन, नेपाली धातु मूर्ति विकास क्रम, नेपाली चाड पर्व जस्ता अनेकौं पुस्तकहरु प्रकाशित छन्।

नेपाली भाषा, कला, संस्कृतिको संरक्षण, संस्कृतिको संरक्षण, सम्बर्द्धन र विकासमा लागिपरेको हुनाले उहाँको योगदानको कदरस्वरूप शताब्दी पुरुष सत्यमोहन जोशीलाई सुप्रबल गोर्खा दक्षिणबाहु विख्यात त्रिशक्तिपट्ट, आदिकवि भानुभक्त पुरस्कार, काठमाडौं विश्व विद्यालयले विद्यावारिधीको मानार्थ प्रमाणपत्र प्रदान गरेको छ। नेपाल सरकारले पनि उज्ज्वल कीर्तिमान राष्ट्रदीपले सम्मानित गरेको छ। तीन पटकसम्म मदन पुरस्कार जित्न सफल हुनुभएका जोशी प्रबन्ध तथा अनुसन्धानात्मक कृति नेपालीमा १०, नाटक पाँच, काव्य दुई र कथासङ्ग्रह पाँच तथा नेवारी भाषामा गरी करिब ५० कृति प्रकाशित भइसकेका छन्।

स्मरणका लागि वाङ्मय शताब्दी पुरूष डा. सत्यमोहन जोशी र उहाँकी पत्नी राधादेवी जोशीले २०७७ साल माघ ३० गते नइ प्रकाशनद्वारा आयोजित 'शरीर दान घोषणा सभा'मार्फत चिकित्सा विज्ञानको प्रयोगात्मक अध्ययनका लागि किस्ट मेडिकल कलेजलाई मरणोपरान्त आ-आफ्नो शरीर दानको घोषणा गर्नुभएको थियो। राष्ट्रका महान इतिहास एवम् संस्कृतविद् आदरणीय व्यक्तित्व सत्यमोहनको १६ अक्टोबर २०२२ का दिन १०३ वर्षको उमेरमा निधन भएको हो।

---

**कविता**

## मानिस बनौं

□ नारदप्रसाद आचार्य 'सुदामा'

टुप्पोमै जन्मिएका चिसा कुहिराहरु
आफ्नै सन्तानको
घाँटी कसिरहेका छन् ।

उनीहरुका आँखामा
फुल्न नपाएका सपनाहरुमा
विष भरिदिन्छन् ।
फुल्न नपाउँदै थाकेका युवा
आफ्नो भविष्य होइन
अन्तिम यात्रा रोज्दै छन्
साँझको घाम झैं
चुपचाप हराउँदै छन् ।

आज
हिमाल र पहाड, देउराली र भञ्ज्याङ
मन्दिरमा उभिएर
भगवान् खोजिरहेका छन्
तर,
घर-समाजमै मानवता हराउँदै छ ।
जरामा विश्वास
माया र संवादको
मल हाल्न सकेको भए
सायद यो मन भत्किने थिएन ।

तर,
प्रार्थनाका बिम्बहरु
काँच झैं फुट्छन् ।
जब मनको मन्दिर भत्किन्छ
आस्थाको ढोका बन्द हुन्छ
अनि
एउटा जीवन समाजकै
लापरवाहीले हार्छ ।

अब भगवान् खोज्नुअघि
मानिस बनौं, सुन्न जानौं
सम्झन सिकौं
किनकि
एक शब्द एकसाथ
एक विश्वासले
कसैको जीवन
बचाउन सक्छ ।

*साहित्यपोष्ट*

---

# छत्रे टोपी





जेबी खत्री

कुरा ३५/३६ वर्ष अगाडिको हो। पहाडको दूर-दराज मेरो रस्तिबस्ती। त्यतिबेलासम्म नुन ओसार्न हामीले धरानै आउनुपर्थ्यो। बुवा गाउँलेहरूसँग सातु-चामल बोकेर आउनुहुन्थ्यो। एक्लै हिँड्न जो कोही मान्दैनथ्यो। ठाउँ-ठाउँमा जङ्गलको बाटो पर्थ्यो र सबै डराउँथे। त्यसैले गाउँबाट धरान आउनेको सानो हुलै हुन्थ्यो। काम अलि हलुको भएपछि नुन लिन जाने गाउँलेको सल्लाह हुन थाल्थ्यो। म अलि ठूलो भएपछि यताउता हिँड्दा बुवाले मलाई लिएर हिँड्न थाल्नुभयो। म बबुरो के साथी हुनु। मनको सादर चाहिँ हुन्थ्यो। बोल्दै हिँड्न मुखको साथी। म हिँड्न सक्ने नभइकनको कुरा। बेला-बेला बुवा एक्लै पनि हिँड्नुहुन्थ्यो। हजुरआमाले बुवालाई एक्लै नहिँड्, एक्लै हिँड्नु हुँदैन कान्छा भनेर सम्झाइरहनु हुन्थ्यो। खेतीपातीको कामले बुवा आफू जान नभ्याउँदा कहिलेकाहीँ अरुलाई पनि पठाउनुहुन्थ्यो।

म स्कूल जान थालेँ। हिउँदमा धुलो र चिसो सिरेटोले हाम्रा हातखुट्टाको छाला पट्पटी फुटेको हुन्थ्यो। खुलेर हाँस्न नहुने। ओठ च्यातिएर रगत चुहिन थाल्थ्यो। हामी सर्ट र कट्टुको भरमा स्कूल जान्थ्यौँ। खुट्टा खाली हुन्थे। शिरमा खागीको टोपी। हिउँदमा हामी निधार र कान छोप्ने गरी खागीको टोपी खाँदेर लाउँथ्यौँ। यति गरे पनि जाडोले हाम्रा ओठ काम्थे। कानका लोती हिउँ जस्तै चिसो हुन्थे। हामी किताब छातीमा टाँसेर जाडोले सिउसिउ गर्दै टाउको निहुराएर जाडो भगाउँदै दगुर्थ्यौं। गाउँमा सिलाएको खागीको टोपी हुन्थ्यो। बर्खामा पनि खोल्न नपाइँने। बा-आमा हुनेले मुडुलै हिँड्नु हुँदैन नानी टोपी त लाइराख्नुपर्छ भन्नुहुन्थ्यो हजुरआमा। टोपी नलाको देख्नै नहुने। टोपी नलाइ मेरो छेउमा नआइज/आउनु पर्दैन भन्नुहुन्थ्यो। बाउआमा जोरै छन् टोपी लगाउनैपर्छ भन्नुहुन्थ्यो। टोपी त छोरा मान्छेको शोभा पो हो त भन्नुहुन्थ्यो। यसरी पनि मेरो सानैदेखि टोपीसँग गाढा सम्बन्ध रहन गयो। टोपी नेपालीको पहिचान हो भन्ने कुरा त निकैपछि मात्र थाहा भयो। पहिलो पटक स्कूलमा सरले पढाउँदा भन्नुभएको थियो।

केही समयपछिदेखि तेह्रथुमे ढाकाको टोपी बजारमा आउन थाले। दिदीहरूले तिहारमा टिका लाइदिँदा यही तेह्रथुमे ढाकाको टोपी लगाइदिनुहुन्थ्यो। म ढाकाको टोपी छड्के पारेर लगाउँथेँ। मलाई सर्ट-पाइन्ट र ढाकाटोपी सारै सुहाउँछ भन्थे सबै। केही समयपछि बजारमा एउटा क्याप टोपी निस्कियो। यसलाई त्यतिबेला सबैले छत्रे टोपी भन्थे। यो धेरैले लगाउँदैनथे। लगाइहाले भने पनि कसै-कसैले लगाउँथे। हामीभन्दा सिनियर क्याम्पस पढ्न शहर गएकाहरू एक-दुईले शहरबाट गाउँ आउँदा लगाएर आउँथे। यसो निधारमा आएको घाम पनि हत्केलाले झैँ छल्ने। मलाई त पहिलो पटक देख्ने बित्तिकै यो टोपी सारै मन पऱ्यो। म सानैदेखि अरूभन्दा अलि छुट्टै स्वभावको थिएँ। मेरा हरेक क्रियाकलापहरू अरूका भन्दा अलि अलग हुनै पर्ने। अहिले सम्झँदा परिवर्तनको पक्षधर जस्तो। सायद त्यही भएर पनि होला।

छत्रे टोपी भनेपछि सबैजसो परपरै हुन्थे। एकपटक त अलि फटाहा स्वभावका केटाले लगाउने टोपी भने जस्तो अर्थ लाग्ने पनि भयो। घरकाले पनि छत्रे टोपी लाएपछि फटाहा हुन्छ केटो भने जस्तो गर्थे। ढाका टोपी लगाउने चलन थियो। साँचो अर्थमा भन्दा क्याप टोपी त सबैको हेला जस्तो पो भयो। गाउँमा कसैले लगाएको देखे भने त्यो पनि छत्रे टोपी लगाउने भएछ भन्थे। मलाई भने कतिखेर किनेर लगाइहालौँ भन्ने भइरहेको थियो। भन्ने बित्तिकै कहाँ लगाइहाल्न पाइँन्थ्यो र। पहिले आमासँग कुरा राख्नु पर्ने। त्यसपछि आमाले बुवासँग कुरा राखेपछि अनि बुवाले लगा भनेर अनुमति दिएपछि मात्र बल्ल लगाउन पाइने। बुवाले हुँदैन भनेपछि हुँदैन हुन्थ्यो। आमासँग कुरा राखेको तँलाई छत्रे टोपी लगाउन पऱ्या छ भनेर सुन्नै मान्नुभएन। आमाबाट पनि बुवासम्म कुरा पुग्ने छाँटकाँट देखिएन। धेरै पटक आमासँग म त लगाउने छत्रे टोपी भनेर रोएँ म। दिनैपिच्छेको मेरो छत्रे टोपी लगाउने कुराले आमा पनि वाक्कदिक्क हुनु भएछ एक दिन त रिसैले सुनाइदिनुभएछ बुवालाई। तेरो छत्रे टोपी लगाउने बेला भाको छैन भनेर साप्फी झपार्नु भयो। छत्रे टोपी नदिए म स्कूल जाँदैजान्न भनेर थर्काएपछि बुवा बल्ल मान्नुभयो।

म स्कूल नजाने भएपछि म पछि हिँउदमा मधेश गएका बेला ल्याइदिउँला छत्रे टोपी। भन कस्तोखालको छत्रे टोपी ल्याइदिउँ ? भनेर फकाएर मलाई स्कूल पठाउनुभयो। बुवाले बोलेपछि तलमाथि हुँदैनथ्यो। अब म बुवा मधेश जाने हिउँद कहिले आउँछ भनेर औंला भाँच्दै दिन गन्न थालेँ। बुवाका मधेश जाने दिन पनि आए। नभन्दै पछि बुवाले मधेशबाट आउँदा मलाई एउटा छत्रे टोपी ल्याइदिनु भएछ। ल्याइदिएकै दिन मैले मेरा गाउँले साथीहरू सबैलाई हातहातै लगेर देखाएँ। खुशीले एकैछिनमा गाउँ घुमि सकेँ। आफ्ना गाउँले सबै साथीलाई देखाइसकेँ। त्यही दिन मैले त्यो टोपी खुशीले एक सय पटकभन्दा बढी टाउकोमा लाउँदै झिक्दै हेर्दै गर्ें हुँला।

सम्झँदैछु अहिले म उकालै-उकालो जाँदै थिएँ। मलाई जाँदाजाँदै बाटैमा बेस्सरी तिर्खा लाग्यो। बाटो छेउमा एउटा पानीको धारो रहेछ। पानी पो खानु पऱ्यो भनेर म त्यो धारो भएतिर लागेँ। टोपीले पानी खान अफ्ठेरो गऱ्यो। नझिकी भएन। मैले टोपी झिकेर पर्तिर ढुङ्गामाथि राखेँ र अञ्जुलीमा पानी थापेर खान थालेँ। पानी खाएर तिर्खा मरेपछि म त्यहीँ धाराको मुनितिर पानीमा खेल्न थालेँछु। मेरा सर्ट, कट्टु दुबै पानीले भिजेछन्। एकछिन पानीमा खेलेपछि अब जान्छु भनेर यसो टोपी टिप्न खोज्दा टोपी अघि राखेको ठाउँमा थिएन। टोपी हरायो भन्दै दौड्दै म आमा भएतिर गएर बेस्सरी रोएँ। आमाले के भन्छ यो एकाबिहानै ! के को टोपी हराउँथ्यो। त्यहीँ होला नि सिरानुमुनि छ कि कता छ। हेर्न, काँ जान्थ्यो तेरो टोपी। कल्ले लान्छ। खाटमुनितिर झऱ्यो कि भन्नुभयो। म झल्यास्स भएँ। नभन्दै ओछ्यानमा गएर हेर्दा टोपी त सिरानेमुनि झरेको रहेछ। त्यो त सपना पो रहेछ।

अलिपछिको कुरा। हाम्रो स्कूल छेउ दशैंतिहारमा रोटेपिङ हालिन्थ्यो। दशैँतिहार सकिएपछि पिरा खोलेर राखे पनि ओल्लाछेउ पल्लाछेउमा दुई-दुई वटा खोल्न नमिल्ने पंखा सधैँ झुण्डिरहेका हुन्थे। हामी केटाकेटीलाई के चाहियो। पिङ मच्चाउन भनेर हामी खम्बबाट माथि तेर्सो बलामा गएर बस्थ्यौँ र पिङ् मच्चाए झैं गरी ती पंखा घुमाउँथ्यौँ। पंखा हल्लन थालेपछि पंखासँगै हामी खुट्टा हल्लाउँदै कुर्‍रा हान्थ्यौँ। आफूभन्दा ठूलाले पिङ खेल्दा कुर्‍रा हाने झैँ। यसो गर्दागर्दै एकदिन मेरो छत्रे टोपी हावाले उडाएर पर्तिर तितेपातीको घारीतिर लग्यो। रोटेपिङको पछाडितिर तिते घारी थियो। साँझ परुन्जेलसम्म सबै भएर खोजी हेर्‍यौँ भेटिँदै भेटिएन। अहिले जस्तो लाग्छ। म अमिलो मन लिएर घर आएँ। घरकाले पनि छत्रे टोपी लगाको मन पराइरहेका थिएनन् हराओस्। मैले पनि घरमा यसरी टोपी हरायो भनेर भनि रहिन। कहिले हरायो टोपी घरको कसैले थाहै पाएन। हराएको हराई भयो। यो पनि मेरो जीवनको एउटा अविस्मरणीय क्षण नै बन्यो।

---






ज्यो. पं. खेमप्रसाद पौडेल
फोन सम्पर्क नं. : ९८५११५४६९९

**मेष (चु, चे, चो, ला, लि, लु, ले, लो, अ)** दिन मध्यम छ, प्रियजनसँग भेट हुने समय छ, बोलिको प्रभावले आयआर्जनमा असर पर्न सक्छ विचार पुऱ्याउनुहोला, भैपरि आउने खर्चले चिन्ता बढाउन सक्छ।

**बृष (इ, उ, ए, ओ, बा, बि, बु, बे, बो)** उत्तरार्द्धपछि काम बन्ने योग छ, दिगो फाइदा हुने काम प्रारम्भ गर्ने समय रहेको छ, आफ्नो लाभांशप्रति अरूले दाबी गर्न सक्छन् धैर्य रहनुहोला।

**मिथुन (का, कि, कु, घ, ङ, छ, के, को, ह)** समय बलवान रहेको छ, अपरान्नपछि खानपानमा ध्यान दिनुहोला, साथीभाइसँग छोटो दुरीको रमाइलो यात्रा हुनेछ।

**कर्कट (हि, हु, हे, हो, डा, डि, डु, डे, डो)** समय मिश्रित फलदायी छ, टाउको तथा आँखा सम्बन्धी समस्याले सताउन सक्छ, सन्तान पक्षबाट सहयोग प्राप्त हुनेछ।

**सिंह (मा, मि, मु, मे, मो, टा, टि, टु, टे)** स्वास्थ्यले साथ दिने छ, शरीरमा स्फूर्ति पैदा हुनेछ, अनावश्यक चिन्ता हटेर जानेछ, सोच अनुरुप काम नबन्नाले मन खिन्न रहला।

**कन्या (टो, प, पि, पु, ष, ण, ठ, पे, पो)** पराक्रम बढेर जानेछ, बिग्रन लागेको काम बनिनाले हौशला बढ्नेछ, छोटो दुरीको रमाइलो यात्रा हुनेछ, मन हर्षित रहला।

**तुला (र, रि, रू, रे, रो, ता, ति, तु, ते)** आजको दिन समयले साथ दिएको छ, नचिताएको ठाउँबाट अचानक धन आगमन हुनेछ, पारिवारिक जमघट हुनेछ।

**बृश्चिक (तो, ना, नि, नु, ने, नो, या, यि, यु)** व्यापार-व्यवसायमा लाभदायकको योग छ, धन लाभ होला, मिष्ठान्न भोजन प्राप्त हुनाले मन प्रशन्न रहने छ।

**धनु (ये, यो, भ, भि, भु, ध, फा, ढ, भे)** समय अत्यन्तै बलवान छ, मान-सम्मानमा वृद्धि हुनेछ, व्यापार-व्यावसायमा धेरै राम्रो नतिजा प्राप्त हुनेछ।

**मकर (भो, ज, जि, खि, खु, खे, खो, गा, गि)** आज नयाँ कामको थालनी गर्नुभएमा तपाइँको लागि लाभदायक हुनेछ, धेरै समयदेखि निराशा प्रेम सम्बन्ध आजबाट सुमधुर हुनेछ।

**कुम्भ (गु, गे, गो, सा, सि, सु, से, सो, द)** विपरीत लिङ्गिसाथीबाट साथ र सहयोग प्राप्त हुनेछ, पराक्रममा वृद्धि हुनेछ, तपाईको समय उत्तमसिद्धि रहेको छ।

**मीन (दि, दु, थ, झ, ञ, दे, दो, च, चि)** समय सापेक्षित छ, जुनसुकै काम गरे पनि सिद्ध भएर जाने योग छ, साथीभाइले पूर्ण सहयोग गर्नाले मन प्रशन्न रहला।

**मिति २०८२/१०/०९ शुक्रबारको**

**सुनचाँदी मूल्य**



**छापावाला**
सुन प्रति तोला
रु. ३०,१९००।-



**चाँदी**
प्रति तोला
रु. ६२०५।-

# सामुहिक बेल विवाह




**बिर्तामोड, माघ ९।** बसन्त पञ्चमीको अवसर पारेर बिर्तामोडमा सामुहिक बेल विवाह भएको छ।

नेवार जातिको संस्था नेवाः पासा मुना पुचः बिर्तामोडको आयोजनामा बिर्तामोड-६ स्थित भिमसेन मन्दिरमा चार जना कन्याहरुको सामुहिक बेल विवाह भएको हो।

माई नगरपालिका-१ दानाबारीकी ९ बर्षीया सेरेन श्रेष्ठ, ४ बर्षीया नायरा श्रेष्ठ, अर्जुनधारा नगरपालिका- ६ की ९ बर्षीया काम्या श्रेष्ठ र बिर्तामोड नगरपालिका-५ की ११ बर्षीया आरबिका श्रेष्ठको नेवारी धार्मिक विधि अनुसार गुवाजुबाट बेलविवाह कर्म भएको संस्थाका अध्यक्ष दिनेश श्रेष्ठले जानकारी दिए।

बेल विवाह नेवार जातिको महत्वपूर्ण कर्म हो। यस कर्म अनुसार कुमारी कन्याको बेलसँग विवाह तथा सिन्दुर, पोते गरिन्छ। धार्मिक विधि अनुसार यो कर्म सम्पन्न गरिन्छ। बेल विवाह नेवार समुदायको सांस्कृतिक तथा धार्मिक परम्परा हो। बेललाई भगवान् विष्णुको प्रतीक मानिन्छ। जबसम्म बेल रहन्छ तबसम्म नेवार कन्या विधवा हुँदैनन् भन्ने मान्यता पनि छ।

बसन्त पञ्चमीको अवसर पारेर एक दशक अघिदेखि हरेक बर्ष नेवाः पासा मुना पुचःले बिर्तामोडमा सामुहिक बेल विवाह, ब्रतबन्ध कार्यक्रम आयोजना गर्दै आएको छ।

सामुहिक रूपमा गरिने यस्ता कर्मले व्यक्तिगत झन्झट कम हुने, समयको बचत हुने, खर्च मितव्ययिता, जातीय एकता तथा भाइचाराको विकास र समाजमा सकरात्मक सन्देश प्रवाह हुने आयोजक संस्थाको अपेक्षा छ।

जातीय मौलिक भाषा, खानपान, भेषभुषा, संस्कार, संस्कृतिको पहिचान, संरक्षण सम्वर्द्धन मुख्य उद्देश्य राखेर नेवाः पासा मुना पुचःले स्थापनाकालदेखि नै बिर्तामोडमा विभिन्नखालका कामहरु गर्दै आएको छ।

## बैशाखदेखि हालसम्म ५९६६ विपद्का घटना

**झापा, माघ ९।** गत बैशाखदेखि हालसम्म देशभर कुल पाँच हजार नौ सय ६६ वटा विपद्का घटना घटेका छन्। विपद्मा परेर चार सय २४ जनाको ज्यान गएको छभने एक हजार छ सय ४३ जना घाइते भएका छन्।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार विपद्मा परेर ३८ जना बेपत्ता भएका छन् भने ११ हजार पाँच सय ३५ परिवार प्रभावित भएका छन्।

प्राधिकरणका अनुसार सबैभन्दा धेरै आगलागीका घटना भएका छन्। दुई हजार छ सय ९२ वटा आगलागीका घटना हुँदा ७५ जनाको अकालमा ज्यान गएको छ। यस्तै, चार सय ४२ जना घाइते हुँदा दुई हजार नौ सय ९६ परिवार प्रभावित भएका छन्। त्यसैगरी, पहिरोका मात्रै पाँच सय ७७ घटना घटेको छ। पहिरोमा परेर ७१ जना मृत्यु भएको छ भने पाँच बेपत्ता छन् भने ८० जना घाइते भएका छन्।

प्राधिकरणका अनुसार बाढीको तीन सय १६, भारी वर्षाको चार सय २७, चट्याङको तीन सय ५२, सर्पदंशको पाँच सय ८० घटना घटेको छ। वन डढेलोको एक सय ८६, हुरीबतास दुई सय ९०, जनावर आक्रमण चार सय २२, लेक लाग्नुका एक सय पाँच घटना घटेको छ।

हिउँ पहिरोको संख्या पाँच छ। भूकम्प सात, डुङ्गा पल्टेर दुई, असिनापानी, शीतलहर, महामारी र हवाई दुर्घटना एक-एक घटना भएका छन्। पछिल्ला दिनमा त झन् आगलागीका घटनामा बढोत्तरी भएको छ। सामान्य सावधानी अपनाउँदा समेत न्यूनीकरण गर्न सकिने आगलागीका घटना न्यूनीकरण गर्न सकिने विभागको प्रष्टोक्ति छ।

## 'शैक्षिक सुधारका लागि शून्य शैक्षिक गरिबी कार्यक्रम'

**भोजपुर, माघ ९।** सामुदायिक विद्यालयको शैक्षिक गुणस्तर सुधार गर्दै आधारभूत तहका बालबालिकालाई गुणस्तरीय शिक्षा प्रदान गर्ने उद्देश्यसहित पौवादुङमा गाउँपालिकामा 'शून्य शैक्षिक गरिबी कार्यक्रम' सञ्चालन भएको छ।

सन् २०३० सम्ममा गाउँपालिकाभित्रको शैक्षिक गरिबीलाई पूर्णरूपमा अन्त्य गर्ने दीर्घकालीन लक्ष्यसहित कार्यक्रम सञ्चालन भएको हो। पौवादुङमा गाउँपालिका र युनाइटेड वर्ल्ड स्कूलबीचको साझेदारीमा गाउँपालिकाभित्रका १० वटा सामुदायिक विद्यालयमा यो कार्यक्रम सञ्चालन भएको छ।

सामुदायिक विद्यालयमा अध्ययनरत विद्यार्थीको भाषिक क्षमता र गणितीय ज्ञान अभिवृद्धि गर्दै समग्र शैक्षिक गुणस्तर सुधारमा कार्यक्रम केन्द्रित भएको युनाइटेड वर्ल्ड स्कूल, कोशी प्रदेशका संयोजक विक्रम भट्टराईले बताए।

दश वटा विद्यालयका कक्षा १, २ र ३ का विद्यार्थीमा भाषिक ज्ञान ४६ प्रतिशत र गणितीय ज्ञान आठ प्रतिशत मात्र रहेको पाइएको जानकारी दिँदै उनले आगामी पाँच वर्षसम्म कार्यक्रम कार्यान्वयन हुने बताए। कार्यक्रम अभिभावकसँगको समन्वयमा गरिने छ।

यसैबीच, पौवादुङमा गाउँपालिकाका अध्यक्ष किरण राईले सामुदायिक विद्यालयको शैक्षिक सुधार आफ्नो पहिलो प्राथमिकता भएको बताएका छन्। कार्यक्रमका लागि पालिकाले रु.३५ लाखको लागत साझेदारी गरेको छ।

## टिकटकको अमेरिकी निकायमा सम्झौता अन्तिम

**झापा, माघ ९।** सामाजिक सञ्जाल भिडियो प्लेटफर्म टिकटकले संयुक्त राज्य अमेरिकामा नयाँ एकाइ स्थापना गर्ने सम्बन्धमा सम्झौतालाई अन्तिम रूप दिएको छ।

यससँगै वर्षौंदेखि २० करोडभन्दा बढी अमेरिकी प्रयोगकर्ताले प्रयोग गर्दै आएको प्लेटफर्ममाथि सम्भावित प्रतिबन्धको खतरा टरेको छ। कम्पनीले नयाँ 'टिकटक युएस' नामक संयुक्त उद्यम गठन गर्न ओरेकल, सिल्भर लेक तथा संयुक्त अरब इमिरेट्सको लगानी फर्म एमजिएक्ससहित प्रमुख लगानीकर्ताहरूसँग सम्झौतामा हस्ताक्षर गरेको हो। टिकटकले बिहीबार जारी गरेको विज्ञप्तिमा नयाँ संस्करण 'परिभाषित सुरक्षा उपायहरू अन्तर्गत सञ्चालन हुने, जसले व्यापक डाटा सुरक्षा, एल्गोरिदम सुरक्षा, सामग्री नियमन तथा अमेरिकी प्रयोगकर्ताहरूका लागि सफ्टवेयर आश्वासन मार्फत राष्ट्रिय सुरक्षाको संरक्षण गर्ने' स्पष्ट गरेको छ। यस सम्झौतापछि पनि अमेरिकी प्रयोगकर्ताहरूले उही टिकटक एप प्रयोग गर्न सक्नेछन्। अमेरिकी राष्ट्रपति डोनाल्ड ट्रम्पले ट्रुथ सोसलमार्फत सम्झौताको स्वागत गर्दै चिनियाँ राष्ट्रपति सी जिनपिङप्रति विशेष धन्यवाद दिएका छन्।

### भद्रपुर नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
भद्रपुर, झापा कोशी प्रदेश, नेपाल

### हकदावी गर्ने सम्बन्धी १५ दिने सूचना

भद्रपुर नगरपालिका वार्ड नं. ६ बस्ने शुदेश थापा मगरको नाममा दर्ता कायम रहेको साविक भद्रपुर-८ हाल भद्रपुर न.पा.वा.नं. ६ को कि.नं. १३६ को व.मि. १५२.३७ जग्गामा भवन निर्माण गर्न नक्सा पास गरी पाउँ भनी नक्सासहित निवेदन पेश भई सँधियारको नाममा सूचना प्रकाशित गरी स्थलगत सरजमिन बुझ्न जाँदा पूर्वतर्फको सँधियार श्री सरस्वती धलान सरजमिन स्थलमा अनुपस्थित हुनु भएकोले स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ३१ को (क) बमोजिम दोस्रो पटक यो १५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यस विषयमा तपाईको कुनै किसिमको दाबी विरोध भए १५ दिनभित्रमा आफूलाई मर्का परेको विवरण खुलाई यस भद्रपुर नगर कार्यपालिकाको भवन नक्सा शाखामा आई उजुरी दिनु होला म्यादभित्र दाबी बिरोध नभए नियमानुसार भई जाने व्यहोरा जानकारी गराइन्छ।

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री निदीलाल दाहालको नाति, श्री बद्रीनाथ दाहालको छोरा श्रीमती मैनादेवी दहालको पति, कोशी प्रदेश, खोटाङ जिल्ला, साकेला गाँउपालिका वडा नं. ४, बस्ने श्रीपर्शुराम दाहालले यस शाखामा बचत खाता नं. ४१६१५२४१४०१३४४ र ४१६१५२४४१०१५३८ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८२.०६.१६ मा निज खातावाला श्री पर्शुराम दाहालको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको पत्नी नाता पर्ने श्रीमती मैनादेवी दहालले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक श्री पर्शुराम दाहालको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको साकेला शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
साकेला शाखा, खोटाङ
फोन नम्बर ९८५२८८१००७

### निक्षेप रकम उपर हकदावी गर्न आउने ३५ दिने सूचना

श्री खम्ब सिङ खड्काको नाति, श्री जहान सिं खड्काको छोरा श्रीमती कालिमाया खड्काको पति, कोशी प्रदेश, खोटाङ जिल्ला, साकेला गाँउपालिका वडा नं. ४, बस्ने श्री कुलबहादुर खड्काले यस शाखामा बचत खाता नं. ४१६१५२४१७००००१ सञ्चालन गर्दै आउनु भएकोमा मिति २०८२.०४.२८मा निज खातावाला श्री कुलबहादुर खड्काको निधन भएकोले सोही व्यहोरा उल्लेख गरी उपरोक्त खातामा रहेको रकम पाउँ भनी निज मृतकको छोरा नाता पर्ने श्री सरणबहादुर खडकाले मृत्यु दर्ता प्रमाणपत्र र नाता प्रमाणित प्रमाणपत्र लगायतका अन्य आवश्यक कागजातसहित यस बैंक समक्ष निवेदन दिनुभएकोले यो सूचना प्रकाशित गरिएको छ। **बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा १११** बमोजिम निज मृतक श्री कुलबहादुर खड्काको नाममा यस शाखामा रहेको निक्षेप मौज्दातको भुक्तानी दावीकर्तालाई दिन नपर्ने कुनै कारण भए वा अन्य कुनै व्यक्तिको हकदाबी छ भने यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिनभित्र आफ्नो स-प्रमाण दाबी गर्न यस बैंकको साकेला शाखामा आउनुहोला। अन्यथा उल्लेखित म्यादभित्र कोही कसैको दावी पर्न नआएमा माग बमोजिम उपरोक्त खाताको रकम भुक्तानी हुने र सोका लागि बैंक जिम्मेवार नहुने व्यहोरा समेत जानकारी गराइन्छ। पछि कुनै उजुर बाजुरलाई बैंकले मान्यता नदिने समेत सूचित गरिन्छ।

नेपाल एसबिआई बैंक लिमिटेड NEPAL SBI BANK LTD.
साकेलाशाखा, खोटाङ
फोन नम्बर ९८५२८८१००७

### भूमिसुधार कार्यालय भद्रपुर, झापाको मोही हकदावी सम्बन्धी सूचना

निम्न लिखित विवरण भएको जग्गाको जग्गाधनीबाट मोहीले उक्त जग्गा जोतभोग गर्न छाडेको/बेपत्ता भएकोले मोहीको लगतकट्टा गरिपाउँ भनी यस कार्यालयमा निवेदन पर्न आएकोले विशेष अदालत ऐन २०५९ को दफा १० (९) बमोजिम यो सूचना प्रकाशित गरिएको छ। यस उपर कुनै दावी विरोध भएमा यो सूचना प्रकाशित भएको मितिले ३० दिनभित्र आवश्यक प्रमाणसहित यस कार्यालयमा निवेदन दिनुहोला। तोकिएको समय अवधिभित्र विरोध नभएमा भू.सु. ऐन २०२१ बमोजिम मोही लगत कट्टा भई जाने व्यहोरा समेत यसै सूचनाद्वारा जानकारी गराइन्छ।

| जग्गाधनीको विवरण | जग्गा ठेगाना | कि.नं. | क्षेत्रफल | मोहीको नाम, थर |
|---|---|---|---|---|
| खडानन्द रेग्मी | बनियानी-७ | ३५ | १४३०.०० | हसमाटी मिया/मखसुदन मलाहा/बालदेव मलाहा |
| हिमादेव ढकाल | बनियानी-७ | १३५ | ६९४.९१ | धन महमत मिया |
| लक्ष्मी देवी पौडेल | पथरिया-८ | १३०५ | ६९०.०० | शविलाल राजवंशी |
| लक्ष्मी देवी पौडेल | पथरिया-८ | २६१ | ३९४५.०० | पियाजु राजवंशी |
| प्रफुल्ला राजवंशी | राजगढ-४ | १८८२ | ३९०.०० | धनु सतार/बडाका सतार |
| प्रफुल्ला राजवंशी | राजगढ-४ | १८८१<br>१८८६<br>२०२७ | १२१.४८<br>३६.००<br>३६३.७० | चन्कु/चनकु/चुनकु सतार/धनु सतार |
| रामलाल ताजपुरिया | पचगाछी-४ | १८२४ | ०-०-१० | अग्न/अन्तप्रसाद ताजपुरिया |
| बाल कृष्ण दंगाल | दमक-८ | १०२८ | ०-११-० | अफर/जफता सतार |
| बल कृष्ण दंगाल | दमक-८ | ४६२ | ०-९-१० | बहिरा धिमाल |
| लेखनाथ भण्डारी | दमक-८ | ३७२ | ०-१०-० | भक्त बहादुर तामाङ्ग |
| लेखनाथ भण्डारी | दमक-८ | १७९७<br>३३५३ | ०-२-१०<br>०-१-० | राम फुल तामाङ्ग<br>रामास फुल ताङ्ग |
| गंगा भण्डारी | मेचीनगर-३ | १८३१ | ०-१-० | लिलाधर उपाध्या/लिलाधर आचार्य |
| हिरा सुर्खेती समेत | नकल्बन्दा-९ | १७८ | १५५.०० | धन बहादुर भुजेल |
| कृष्ण कुमार खतिवडा | हल्दीबारी-९ | १३४६ | ०-०-१५ | पुण्य बहादुर बस्नेत क्षेत्री |
| कर्ण बहादुर थापा समेत | हल्दीबारी-८ | ७११ | ०-८-० | टुन्कु/टन्कु मर्डि सतार |
| अधिकचन महतो | खजुरगाछी-२ | १४२५ | २७३.७५ | झगरु गनगाई/झारी गनगाई |


**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि सस्तो, भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने ब्रदर्श इन्टरनेशनल इम्प्लोइमेन्ट प्रालिलाई सम्झनुहोस्। हामी दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
के तपाई विदेश जान चाहनुहुन्छ ? यदि भरपर्दो र विश्वासिलो मेनपावरको खोजीमा हुनुहुन्छ भने खगोल ओभरसिजलाई सम्झनुहोस्। यहाँबाट विभिन्न देशहरु दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरबमा डाइरेक्ट कम्पनीमा नेपाली कामदारहरु पठाउने व्यवस्था गरिएको छ।
सम्पर्क: ९८०१४०१३००, ९८०१४२७३०१, ९८०१४२७३०३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
यहाँबाट दुबई, कतार, कुवेत, मलेशिया, साउदी अरब लगायतका देशहरुमा भरपर्दो राम्रो कम्पनीमा कामदारहरु पठाउने व्यवस्था गरिएको छ। सम्पर्क गर्नुहोला।
HK EMPLOYMENT SERVICES PRIVATE LIMITED
सम्पर्क: ९८४२६३४८७४, ९८१६०४९८७६, ०२३-५३५९७३
बिर्तामोड, झापा

**वैदेशिक रोजगार**
अब वैदेशिक रोजगारीका लागि भरपर्दो मेनपावर बिर्तामोडमा
हामीलाई सम्पर्क गर्नुहोस्। बिना झन्झट राम्रो तलब (सेलरी)मा तपाईलाई वैदेशिक रोजगारमा हामी पठाउँछौं।
सम्पर्क : यूनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोइमेन्ट सर्भिस प्रा. लि.
शाखा कार्यालय बिर्तामोड
मो. ९७०२९५९६४० / ९७०२९५९६४१

**होटल समृद्धि सुरुङ्गा**
एसी हल, एसी रुम, बर्थ डे हल, शान्त वातावरणमा खाना/बस्नसहितको विशेष सुविधा अब होटल समृद्धि सुरुङ्मा।
होटल समृद्धी
हरिकुल बोर्डिङ्ग छेउ, हाइवे उत्तर कनकाई नपा, सुरुङ्गा, झापा
सम्पर्क : ९८२२१९५२७३, ९८५२६७१४२२

शुद्ध दूधको स्वस्थ उत्पादन
**कोसेली**
"सुखद् उत्सव होस वा पारिवारिक समारोहमा कोसेली सधैं तपाईहरुको साथमा'
दूध तथा दूधबाट बनेका सम्पूर्ण उत्पादनहरु बिर्तामोड एरियामा होम डेलिभरीसहित उपलब्ध छ। साथै क्याटरिङ्ग तथा पार्टी भोजका लागि चाहिने सम्पूर्ण दूग्ध परिकार र मिनी रसवरी पनि उपलब्ध छ।
कालिका डेरी, कृषिथोक पूर्वगेट बिर्तामोड,
फोन नं.: ०२३-५३४१२९
९८५२६४४१२९, ९८०२३१३२७२

**SUNMAI SPRING**
'थोपा-थोपामा जीवन छ'
HACCP ISO 9001:2015 स्वदेशी
स्वास्थ्य जीवनका लागि सुनमाई पानी पिउने बानी बसालौं।
SUNMAI SPRING
Phone: 530335, 530234
Mob. No. 9801440344

UNited International Group
UAE मा रोजगारीको अवसर
७ दिनमा भिषा आउने
कम्पनी: युनाइटेड इन्टरनेशन ग्रुप LT No . 309924
पद : मेसन, कार्पेन्टर, स्टील फिक्चर, हेल्पर
ASIA LINK SERVICES (P) LTD .
BRANCH OFFICE : BIRTAMOD, JHAPA
Tel: 023-535072 / 531287
Mob: 9852674809 / 9863714421
9807963795 / 9816015488
email:
asialinkjhapa@gmail.com
phagdhakgroup@gmail.com

उच्च गुणस्तर सुलभ मूल्य
**सयपत्री बालुवा प्रशोधन उद्योग**
यहाँ आधुनिक प्रविधिद्वारा प्रशोधित बालुवा, गिटी आदि निर्माणजन्य सामग्री सुपथ मूल्यमा पाइनुका साथै तुरुन्त डेलिभरी समेत गरिन्छ।
सम्पर्क : ९८६६२४२४६६
Whatsp: ९८४२६५४४००/९८०४९५४४००
अर्जुनधारा नपा- ४, झापा

Ganapati Bakers
Finest Bakery in town
गणपति बेकरीका परिकारहरुका लागि हामीलाई सम्झनुहोस्।
सम्पर्क नम्बर :
बिर्तामोड : ९८१०९४४५७७
काँकरभिट्टा : ९८२०५४४५७७
भद्रपुर : ९८२०१४४५७७

**मार्बल शिलालेख**
यहाँ डिजिटल प्रविधिबाट मार्बलमा फोटो खोपिन्छ साथै आर्ट सम्बन्धी सम्पूर्ण कार्यहरु सरल दरमा गरिन्छ
सम्पर्क :
एल. बि. आर्ट
बिर्तामोड-४, पश्चिम बस स्टेण्ड अदुवा पुल छेऊ
फोन नं. : ९८४४६८५६००, ९८१६०४९८००

**कार्की ट्याक्सी सर्भिस**
दमक-बिर्तामोड-दानाबारी-जितपुर-मंगलबारे दैनिक सेवा रिजर्वको लागि पनि हामीलाई सम्झनुहोस्
छुट्ने समय
दमकबाट : बिहान ६ बजे
बिर्तामोडबाट : बिहान ७ बजे
मंगलबारेबाट : दिउसो १२ बजे
सम्पर्क (चालक)
सन्तोष ९८०६०१८१७४, ९८४०३८७६७५
जीवन कार्की ९८१७९४०१७३
मे १ ज १६७०

**आयुर्वेद उपचार**
यहाँ पाइल्स, फिस्टुला, फिसरको विशेषज्ञ डाक्टरद्वारा सफल उपचार गरिन्छ। साथै शरीरका सम्पूर्ण रोगहरुको पनि उपचार गरिन्छ।
सुश्रुत आयुर्वेद अस्पताल प्रा.लि.
काँकरभिट्टा रोड, बोलबम पेट्रोलपम्पसँगै काली मन्दिर छेउ, बिर्तामोड
सम्पर्क : ९८१८७९३९८६, ९८५२६८८९८६

अब बिर्तामोडमा
डा. पितामबर ठाकुर MBBS. MD(TU) NMC NO. 1914
मेची अञ्चल अस्पतालका Ex-Superintendent वरिष्ठ फिजिसियन
हरेक दिन बिहान ११:०० देखि १:०० र दिउसो ३:०० देखि ५:०० बजेसम्म
के तपाईलाई तलका मध्ये कुनै समस्या छ ?
पेट सम्बन्धी समस्या, मुटु सम्बन्धी समस्या, राति निद्रा नलाग्ने, छाती दुख्ने, फोक्सो सम्बन्धी समस्या, बाथ, थाईराईड, रक्तचाप, मधुमेह
डाक्टर आउने समय : बिहान ११:०० बजेदेखि ५:०० बजेसम्म
(+977) 9817964771 (+977) 023-590008
THAKUR POLYCLINIC Birtamode-1, Jhapa, Nepal Opposite of Paschim Bus Stand

**सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोस्।**
कुनै पनि संस्था, बैंक, उद्योग, स्कूल, मार्केट लगायत जुनसुकै क्षेत्रमा सेक्युरिटी गार्ड चाहिएमा सम्पर्क गर्नुहोला। साथै सेक्युरिटीमा काम गर्न चाहने इच्छुक महिला तथा पुरुषहरुले पनि तुरुन्त सम्पर्क गर्नुहोला।
सम्पर्क : सेक्टर वान सेक्युरिटी सर्भिस
बिर्तामोड-१, झापा, हिमरेश मार्ग
फोन: ९७०००६८५४०, ९८०१४५५००३

**सेफ्टी ट्यांकी चाहिएमा**
अब झापामा सेफ्टी ट्यांकी सफा गर्नु परेमा राम्रो सेफ्टी ट्यांकीलाई सम्पर्क गर्नुहोस्। सस्तो, भरपर्दो, छिटो र छरितो सेवा उपलब्ध छ।
सम्पर्क: शिवसताक्षी, कन्काई, बिर्तामोड, धुलाबारी, अर्जुनधारा, बुधबारे
देवराज गिरी
९८१३६७६६२२/९८४२०७०५८६/९७०६१९६४०६

सेफ्टी ट्यांकी सफा गर्नु परेमा हामीलाई सम्पर्क गर्नुहोला।
**झापा सेफ्टी ट्यांकी तथा ढल सफाई**
बिर्तामोड सम्पर्क राजुकुमार श्रेष्ठ ९८५२६४६००५, ९८०६०१०४१०, ९८४२६३४६२, ०२३-५४६००५
दमक सम्पर्क: देवी सिटौला ९८२४९७९१८५, ९८४२७६०२६५, ९८४२३३२४३०
झापामै सबैभन्दा ठूलो भ्याकुम सिस्टमको ट्यांकीबाट सफाई गरिन्छ।

DRISHTI Eye Care System — TRUSTED BY MORE THAN 1.1 MILLION+ PATIENTS
**प्रत्येक दिन आँखाको शल्यक्रिया**
१) मोतियाविन्दुको शल्यक्रिया
२) जलविन्दुको शल्यक्रिया
३) आँखाको पर्दा (रेटिना)को शल्यक्रिया
४) आँखाको डेढोपन (छड्के आँखा)को शल्यक्रिया
५) आँखाको नानी प्रत्यारोपण (शल्यक्रिया)
Visit our Website www.drishtieye.org
सबैका लागी दृष्टि सधैंका लागी दृष्टि

**आरोग्य मल्टि-स्पेसियलिटी डेन्टल क्लिनिक**
१५ वर्षको अनुभवसँग तपाईंको सेवामा :
हामीले प्रदान गर्ने सेवाहरू :
- दाँतका सम्पूर्ण समस्याको समाधान
- आर्थोडन्टिक उपचार (braces)
- दाँत सफा गर्ने (Scaling)
- ब्रिज, क्राउन र इम्प्लान्ट (implant)
- बालबालिका दाँत उपचार
निःशुल्क चेक-अप र आर्थोडन्टिक परामर्श लिनुहोस्! तपाईंको सेवामा!
हाम्रो स्थानहरू : बिर्तामोडमा हिकोला रोड फोन नं. ९८६९१८३०४२
शनिश्चरेमा NIC एशिया बैंकको तल फोन नं. ९८१७०५६११८

**हामीलाई सम्पर्क गर्नुहोस्**
सेक्युरिटीमा जागिर खानु परे वा सेक्युरिटी चाहिएमा हामीलाई सम्पर्क गर्नुहोस्। हामी तपाईहरुको आवश्यकता पूरा गर्नेछौं।
नोटः सिबिल वा रिटायर जुनै भए पनि हुनेछ।
सेभेन स्टार सेक्युरिटी सर्भिस प्रा. लि. SEVEN STAR SECURITY SERVICE PVT. LTD.
फोन : ०२३-५९१०९५,
मो. ९८०१४१६८४०, ९८०१४१६८४१
मो. ९८०१४१६८४२, ९८०१४१६८४३

**ताप्लेजुङ -पाथीभरा सफल यात्रा**
बिर्तामोडबाट फिदिम, ताप्लेजुङ हुँदै पाथीभरा मन्दिरसम्म साथै थेचम्बु, मेमेङसम्मको सफल यात्राका लागि हामीलाई सम्झनुहोस्।
ताप्लेजुङ पाथीभरा काउन्टर
मो. : ९८०३२५०४७२, ९८०१३६४०९३

**सिलिङ्ग सम्बन्धीको सम्पूर्ण काम गर्नुपरेमा हामीलाई सम्झनुहोस्**
यहाँ गुणस्तरीय सामानको प्रयोग गरी जिप्सन, फल्ससिलिङ, २x२ जिप्सन तथा २x२ सिमेन्ट बोर्ड सिलिङ्ग साथै पीभीसी सिलिङ्ग र सिमेन्ट बोर्ड पाटेसन सम्बन्धी सम्पूर्ण काम दक्ष प्राविधिकबाट गरिनुका साथै सिलिङ्ग सम्बन्धी सम्पूर्ण सामान होलसेल तथा खुद्रा मूल्यमा उपलब्ध छ। आजै सम्पर्क गर्नुहोस् मौकाको फाइदा लिनुहोस्।
बिर्तामोड : झापा फल्स सिलिङ्ग हाउस ९८१७९९७२१२, ९८२५९१४४३०
उर्लाबारी : उर्लाबारी इन्टेरियर डेकोर फोन नं. : ९८११३४८२४३

**हाडजोर्नी तथा नसाका समस्याहरूको सफल उपचार**
पूर्वाञ्चलकै पहिलो तथा एकमात्र फरक चिकित्साको उपचार स्पार्क पूर्वाञ्चल अस्पताल बिर्तामोड झापामा हाडजोर्नी तथा नसाका बिरामीहरुको सफल उपचार।
जाँच तथा उपचार हुने समस्याहरु
- गर्धन, ढाड, कम्मर दुख्ने, डिस्क प्रोल्याप्स, नसा च्यापिएको, हड्डी खिइएको
- बाथ रोग, युरिक एसिड बढेको, आर्थराइटिस, जोर्नी दुख्ने, जोर्नी जाम भएको
- शरीर झमझमाउने, पोल्ने, लाटो हुने, काम्ने,
- प्यारालाइसीस तथा हिंड्न गाह्रो हुने शरीरको एक वा दुबै भाग नचल्ने, मुख बाङ्गिएको बिरामीलाई भर्ना गरी विशेष उपचार गरिन्छ।
- प्लाराइसीस भएका तथा हिंड्न नसक्ने बिरामीका लागि अस्पतालमा भर्ना गरी विशेष उपचार गरिन्छ।
स्पार्क पूर्वाञ्चल अस्पताल, कनकाई रोड
नेपाल टेलिकम पूर्व बिर्तामोड, झापा
(फोन : ०२३-५३०१२३, ९८०३१५४६१९, ९८१४०३२६६२, ९७६२९००२८८)